# रोङ गाउँपालिका

## इलाम, कोशी प्रदेश, नेपाल

## गाउँ कार्यपालिकाको बैठक

**आ. व.:** २०८१/०८२ | **मिति :** २०८२/०३/१०

**बैठक संख्या :** १८-२०८१/०८२ | **समय :** बिहानको ८०:३० बजेदेखि

---

आज मिति २०८२ असार १० गते मंगलबारका दिन रोङ गाउँपालिकाका अध्यक्ष श्री मनि कुमार स्याङ्बो ज्यूको अध्यक्षता तथा देहायको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी निम्नानुसारको निर्णय गरियो :

**उपस्थिति :**

| क्र. सं. | नाम, थर | पद | सम्पर्क नं. | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री मनि कुमार स्याङ्बो | अध्यक्ष | ९८५२६७८७३२ | |
| २ | श्री विष्णुमाया खवास | उपाध्यक्ष | ९८४४६३१५१७ | |
| ३ | श्री मनोहरि खड्का | १ नं. वडा अध्यक्ष | ९८५२६४०५७० | |
| ४ | श्री चन्द्र शेखर घिमिरे | २ नं. वडा अध्यक्ष | ९८१६९५३४९३ | |
| ५ | श्री मातृका बराल | ३ नं. वडा अध्यक्ष | ९८४२६२४११४ | |
| ६ | श्री राज कुमार लाप्चा | ४ नं. वडा अध्यक्ष | ९८१४०४०२९४ | |
| ७ | श्री दल बहादुर पुलामी | ५ नं. वडा अध्यक्ष | ९८४१७००३४० | |
| ८ | श्री सत्यम राई चौरासे | ६ नं. वडा अध्यक्ष | ९८६४९१२३२ | |
| ९ | श्री नानू तामाङ | कार्यपालिका सदस्य | ९८१४९१२२३१ | |
| १० | श्री मिनादेवी तामाङ | कार्यपालिका सदस्य | ९८२४९६७९६२ | मिना |
| ११ | श्री लक्ष्मी नेपाली | कार्यपालिका सदस्य | ९८१४०८७४७१ | |
| १२ | श्री इन्दिरा देवी विश्वकर्मा | कार्यपालिका सदस्य | ९८०४९२९०९९ | |
| १३ | श्री युवराज खाप्सुवा राई | कार्यपालिका सदस्य | ९८४२६६८३१४ | |
| १४ | श्री दया कुमारी दियाली | कार्यपालिका सदस्य | ९८१६०३२६०७ | दया |
| १५ | श्री विनोद कुमार चौहान | सचिव | ९८५२६४२०२० | |
| १६ | श्री मनमाया राई | का.वा. वडाध्यक्ष १नं. वडा | ९८१४०१५००३ | |
| | | | | |
| | | | | |
| | | | | |

# रोङ गाउँपालिका

## इलाम, कोशी प्रदेश, नेपाल

## गाउँ कार्यपालिकाको बैठक

**आ. व.:**२०८१/०८२

**बैठक संख्या :** १८-२०८१/०८२

**मिति :**२०८२/०३/१०

**समय :** बिहानको ८०:३० बजेदेखि

---

प्रस्ताव १ : अघिल्लो बैठकको निर्णय कार्यान्वयनको समीक्षा सम्बन्धमा।

निर्णय १ : कार्यपालिकाको मिति : २०८२/०३/०९ गतेको बैठकको निर्णय कार्यान्वयनको सम्बन्धमा समीक्षा गरियो।

प्रस्ताव २ : सेवा प्रवाहको समीक्षा सम्बन्धमा।

निर्णय २ : गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालय, स्वास्थ्य संस्था तथा गाउँ कार्यपालिका मातहतका अन्य कार्यालयबाट भइरहेका सेवा प्रवाहको समीक्षा गरियो। कमी कमजोरीहरु हटाउँदै अघि बढ्ने निर्णय गरियो।

प्रस्ताव ३ : आर्थिक तथा प्रशासनिक कामकारबाहीहरुको अनुमोदन गर्ने सम्बन्धमा।

निर्णय ३ : रोङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयबाट चालू आर्थिक वर्ष २०८१/०८२ मा हालसम्म भएका योजना तथा कार्यक्रमको भुक्तानीका साथै नियमित तथा आकस्मिक प्रकृतिका सम्पूर्ण आर्थिक कारोबार तथा प्रशासनिक कामकारबाहीहरुलाई अनुमोदन गर्ने।

प्रस्ताव ४ : योजनाको भुक्तानी गर्ने सम्बन्धमा।

निर्णय ४ : ठेक्का नं. RRM/ILAM/NCB/WORKS/2080/081-19' रहेको 'कृषि उपज प्रशोधन केन्द्र भवन, रोङ - ६' शीर्षकको योजना को सम्पूर्ण कार्य मिति : २०८१/०४/२० मै सम्पन्न भइसकेको तर रकम अभावले तत्काल उक्त योजनाको भुक्तानी हुन नसकेको देखिन्छ।

उक्त योजनाको सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी परी आयोगले अनुसन्धान समेत गरिरहेको अवस्था छ। उक्त योजनाको म्याद थप भए नभएको, योजनाको भुक्तानी दायित्व सारिएको/नसारिएको, समयमा कार्य सम्पन्न भए/नभएको सम्बन्धमा आयोगले माग गरेका कागजात, प्रमाण सहित राय तथा प्रतिक्रिया समेत यस कार्यालयले पठाइरहेको छ।

उक्त योजना गत आ. व. २०८०/०८१ को भएको र नेपाल सरकार, विशेष अनुदानबाट भुक्तानी हुने भनिए पनि उक्त आ. व. मा कार्य सम्पन्न नभएकोले चालू आ. व. को नेपाल सरकार विशेष अनुदान अन्तर्गत 'लोपोन्मुख, आदिवासी जनजाति, दलित, सिमान्तकृत वर्ग विशेष कृषि उपज प्रशोधन केन्द्र' शीर्षकमा प्राप्त हुने रकमबाट भुक्तानी दिने भनी रोङ गाउँपालिका गाउँसभाको १७ औं अधिवशेनले निर्णय गरिसकेको छ।

उक्त रकम चालू आ. व. मा भुक्तानी हुन नसकेमा उल्लिखित विशेष अनुदान रकम फिर्ता हुने तथा कार्यालयको आर्थिक दायित्व आगामी आ. व. हरुमा समेत सर्दै जाने जोखिम रहने साथै कार्य सम्पन्न भएपछि सम्झौता अनुसारको रकम भुक्तानी पाउनुपर्ने निर्माण व्यवसायीको अधिकार समेत भएको हुँदा उक्त योजनाको भुक्तानी प्रकृया अगाडि बढाउने ।

प्रस्ताव ५ : योजनाको भुक्तानी गर्ने सम्बन्धमा ।

निर्णय ५ : आ. व. : २०८०/०८१ मा सम्झौता भई चालू आ. व. मा कार्यसम्पन्न भएको हाँसपोखरी स्टल निर्माण योजनाको भुक्तानी दिने प्रयोजनका लागि गाउँसभाको आगामी अधिवेशनमा स्वीकृतिका लागि पेश गर्ने ।

प्रस्ताव ६ : योजनाको भुक्तानी गर्ने सम्बन्धमा ।

निर्णय ६ : आ. व. : २०८०/०८१ मा सम्झौता भई चालू आ. व. मा कार्यसम्पन्न भएको हाँसपोखरी स्टल निर्माण योजनाको भुक्तानी दिने प्रयोजनका लागि गाउँसभाको आगामी अधिवेशनमा स्वीकृतिका लागि पेश गर्ने ।

प्रस्ताव ७ : रोङ गाउँपालिकाको 'स्थानीय रोजगार रणनीतिक योजना, २०८२' स्वीकृतिका लागि गाउँसभाको आगामी अधिवेशनमा पेश गर्ने सम्बन्धमा ।

निर्णय ७ : रोङ गाउँपालिकाको 'स्थानीय रोजगार रणनीतिक योजना, २०८२' स्वीकृतिका लागि गाउँसभाको आगामी अधिवेशनमा पेश गर्ने ।

प्रस्ताव ८ : मोटरसाइकल मर्मत गर्ने सम्बन्धमा ।

निर्णय ८ : कार्यालयको नाममा रहेको तथा ५ नं. वडा कार्यालय ले प्रयोग गरिरहेको मे. १ ब. ७६१ नं. को मोटरसाइकल 'रोङ गाउँपालिकाका कर्मचारीहरुको थप सुविधा सम्बन्धी कार्यविधि, २०८१' को दफा ५ (३) बमोजिम मर्मत गर्ने ।

प्रस्ताव ९ : ५ नं. वडा कार्यालयले खरिद गरेको कुर्सी तथा कार्पेटको रकम भुक्तानी दिने सम्बन्धमा ।

निर्णय ९ : ५ नं. वडा कार्यालयले खरिद गरेको कुर्सी तथा कार्पेटको रकम बिल तथा अन्य आवश्यक कागजात बमोजिम रोङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयबाट भुक्तानी दिने ।

प्रस्ताव १० : गुन्द्रुक प्रशोधनका लागि अनुदान दिने सम्बन्धमा ।

निर्णय १० : चालू आर्थिक वर्ष २०८१/०८२ मा रोङ गाउँपालिका, ५ नं. वडामा रहेको 'देवानछाप साना कृषि प्रशोधन उद्योगले गुन्द्रुक सबै वडाका कृषकहरुबाट ९१९९ किलो हरियो साग खरिद गरी ४४० किलो गुन्द्रुक उत्पादन गरेको हुँदा उक्त उद्योगलाई 'प्रति किलो गुन्द्रुकमा रु. ३००।- अनुदान' शीर्षकबाट जम्मा रु. १,३२,०००।- प्रोत्साहन स्वरुप उपलब्ध गराउने ।

प्रस्ताव ११ : करेला काट्ने मेशिन खरिदमा लागत साझेदारी गर्ने सम्बन्धमा ।

निर्णय ११ : रोङ गाउँपालिका, ५ नं. वडामा रहेको 'देवानछाप साना कृषि प्रशोधन उद्योगका लागि करेला काट्ने मेशिन : १ थान खरिद मूल्यको ७५% ले हुन आउने रकम उपलब्ध गराउने । (स्रोत : लागत साझेदारी)

प्रस्ताव १२ : स्थानीय पाठ्यपुस्तक छपाईको नपुग रकम भुक्तानी दिने सम्बन्धमा ।

निर्णय १२ : चालू आर्थिक वर्षमा शिक्षातर्फ स्थानीय पाठ्यपुस्तक र लाप्चा भाषा पाठ्य पुस्तक छपाई शीर्षकमा रु. ३,५०,०००।- विनियोजन भएको र नेपाल सरकार सशर्त अनुदान अन्तर्गत 'सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि नि:शुल्क पाठ्यपुस्तक अनुदान (स्थानीय विषय/मातृभाषाको समेत)' शीर्षकमा रु. १५,४९,०००।- रकम विनियोजन भएको जोडजम्मा रु. १८,९९,०००।- बाट नि:शुल्क पाठ्यपुस्तक अनुदानका लागि सामुदायिक विद्यालयहरुमा रु. १२,२५,२८६।- निकासा भइसकेको तथा स्थानीय पाठ्यपुस्तक छपाईका लागि रु. ६,९४,९९५।२०- खर्च हुने भएको हुँदा रु. २१,२८१।२- अपुग हुने देखिएकोले सो अपुग रकम शिक्षा तर्फको 'विविध' शीर्षकबाट भुक्तानी दिने ।

प्रस्ताव १३ : विभिन्न कार्यक्रमहरुको रकम भुक्तानी दिने सम्बन्धमा ।

निर्णय १३ : रोङ गाउँपालिका, वडा नं. ५ मा होमस्टे पर्यटन विकास सम्बन्धी आधारभूत तालिम र साहित्य पत्रकारिता सम्बन्धी कार्यशालामा भएको बिल बमोजिमको खर्च गाउँपालिकाको 'विविध खर्च' शीर्षकबाट भुक्तानी दिने ।

प्रस्ताव १४ : लम्पी स्किन रोग नियन्त्रण सम्बन्धमा ।

निर्णय १४ : हाल गाईवस्तुमा बढ्दै गएको लम्पी स्किन रोगको नियन्त्रणका लागि आवश्यक औषधी खरिद गर्ने । उक्त रोग नियन्त्रणका लागि आफ्नै मोटरसाइकल प्रयोग गरी खटिईरहेका अस्थायी प्रकृतिका करारका कर्मचारीहरुका लागि आवश्यक इन्धनको व्यवस्था गर्ने ।

प्रस्ताव १५ : श्री बहुवन माध्यमिक विद्यालयका ल्यापटपहरु मर्मत गर्ने सम्बन्धमा ।

निर्णय १५ : : श्री बहुवन माध्यमिक विद्यालयका ल्यापटपहरु कार्यालयको स्रोतबाट मर्मत गरिदिने ।

प्रस्ताव १६ : अव्यवस्थित बसोबासीहरुलाई जग्गा धनीपूर्जा वितरण गर्ने कार्यक्रमको खर्च भुक्तानी दिने सम्बन्धमा ।

निर्णय १६ : मिति २०८२:/०३/०३ मा रोङ गाउँपालिकाको वडा नं. १ मा सम्पन्न भएको अव्यवस्थित बसोबासीहरुलाई जग्गा धनीपूर्जा वितरण गर्ने कार्यक्रमको खर्च गाउँपालिकाको 'विविध' शीर्षकबाट भुक्तानी दिने ।

प्रस्ताव १७ : लम्पी स्किन डिजिज नियन्त्रणमा खटिने कर्मचारीहरुलाई इन्धन उपलब्ध गराउने सम्बन्धमा ।

निर्णय १७ : हाल रोङ गाउँपालिकाभित्र FMD को खोप लगाइरहेका Vaccinator हरुलाई नै लम्पी स्किन डिजिड नियन्त्रणमा खटाइरहेको र निजहरुलाई उक्त कार्यका लागि मोटरसाइकलमा आवश्यक पर्ने पेट्रोल कार्यलयबाट उपलब्ध गराउने ।

प्रस्ताव १८ : केही स्वास्थ्यकर्मीहरुको मासिक तलब वृद्धि गर्ने सम्बन्धमा ।

निर्णय १८ : आगामी आर्थिक वर्ष २०८२/०८३ देखि देहायका स्वास्थ्यकर्मीहरुको देहाय बमोजिम मासिक तलब वृद्धि गर्ने :

देहाय :

| क्र. सं. | पद | साबिक तलब | थप तलब | जम्मा हुन आउने तलब |
|---|---|---|---|---|
| १ | अ. हे. व. | २४,०००।- | २०००।- | २६,०००।- |
| २ | अ. न. मी. | २४,०००।- | २०००।- | २६,०००।- |

प्रस्ताव १९ : बेरुजू फस्यौंट गर्ने सम्बन्धमा।

निर्णय १९ : बेरुजू फस्यौंट सम्बन्धमा देहाय बमोजिम गर्ने :

देहाय :

१. आ.व. २०७४/०७५ को योजनामा समेटिएका जिर्मले कृषि महिला सहकारी संस्था भवन निर्माण, छहारी महिला कृषि सहकारी संस्था फर्निचर खरिद र नवप्रतिभा बहुउद्देश्यीय महिला सहकारी संस्था कम्पाउण्ड घेराबारा शिर्षकको योजना पालिकाले महिला लक्षित क्षेत्रमा महिलाको आयआर्जन बृद्धि, बचत वृद्धि र महिला शशक्तिकरण र क्षमता विकासमा टेवा पुर्याइरहेका संघ संस्थाको भौतिक निर्माण तथा सुधारमा बजेट विनियोजन गरि खर्च गरेको देखिएको तर उक्त रकम कुनै हिनामिना तथा मस्यौट गरेको वा गर्ने उद्देश्यबाट खर्च गरेको नदेखिएको हुँदा अब उप्रान्त यस्ता प्रकृतिका कार्यक्रममा बजेट विनियोजन नगर्न गाउँ कार्यपालिकालाई निर्देशन दिँदै यस दफामा उल्लेखित रकम रू. ८,४५,०००।०० (अक्षरेपी आठलाख पैंतालिस हजार मात्र) नियमित गराउने।

२. आ.व. २०७४/०७५ को स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत कार्यालयको सभाहल भवन निर्माण कार्य भएको। सार्वजनिक खरिद नियमावली २०६४ मा उपभोक्ता समिति भन्नाले निर्माण कार्यबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरुले कुनै निर्माण कार्यको निर्माण, सञ्चालन, मर्मत सम्भार गर्नको लागि आफूहरू मध्यबाट गठन गरेको समिति सम्झनुपर्ने उल्लेख भएको, यसरी प्रत्यक्ष लाभग्राही समुहबाट गुणस्तरीय काम हुने र उनीहरूको जनश्रमदानको योगदान हुने निर्माण कार्यमा मात्र उपभोक्ता समिति मार्फत निर्माण कार्य गराउन सकिने उल्लेख भएतापनि यस कार्यालयको सभाहल भवन निर्माण गर्ने कार्यको लागि उपभोक्ता समिति गठन गरी उपभोक्ता समिति मार्फत निर्माण कार्य भएको देखिएको तर उक्त रकम कुनै हिनामिना तथा मस्यौट गरेको वा गर्ने उद्देश्यबाट खर्च गरेको नदेखिएको हुँदा अब उप्रान्त यस्ता प्रकृतिका निर्माण कार्यमा उपभोक्ता समिति मार्फत नगर्न नगराउन गाउँ कार्यपालिकालाई निर्देशन दिँदै यस दफामा उल्लेखित बेरुजु रकम रू.२५०००००।०० (अक्षरेपी रू पच्चिस लाख मात्र) नियमित गराउने।

३. आ.व. २०७५/०७६ को बार्षिक स्विकृत कार्यक्रममा समेटिएका विभिन्न १९ वटा योजनामा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ २ मा काम वा सेवाको प्रकृति प्रिमाण, लाग्ने रकम, उपभोक्ता समितिले व्यहोर्ने रकम र अन्य आवश्यक कुराहरू खुलाई सुचना प्रकाशन गरी प्रस्ताव माग गर्ने र उपभोक्ता समितिले आवश्यकता अनुसार छलफल, वार्ता वा निर्माणस्थलको भ्रमण गरी कार्य समुदायको सहभागितामा सम्पन्न हुने, सम्पन्न निर्माण कार्यको संचालन वा मर्मत संभार समुदायले गर्नुपर्ने प्रावधान राखी सम्झौता गर्नुपर्ने व्यवस्था छ। लागत अनुमान तयार गर्दा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिसमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्योग गर्न सकिने व्यवस्था छ, लोडर, एक्साभेटर, मेशिनहरू समावेश गएका आयोजना उपभोक्ता समितिबाट सञ्चालन गरि उपभोक्ताको जन श्रमदानको अंश समेत सोही उपकरणबाट गराई खर्च भुक्तानी गर्ने गरेको देखियो। यसबाट उपभोक्ता समितिमार्फत कार्य गराई आयोजनामा जनताको स्वामित्व अभिवृद्धि गरी रोजगारी सृजना हुने अवस्था नदेखिएकोले यस्ता कार्य प्रतिस्पर्धा मार्फत गराउँदा मितव्ययी हुने हुँदा यसरी कार्य गराउन नियमित नदेखिएको तर उक्त रकम कुनै हिनामिना तथा मस्यौट गरेको वा गर्ने उद्देश्यबाट खर्च गरेको नदेखिएको हुँदा उक्त दफामा उल्लेखित बेरुजु रकम रू. ५९१४२३८।३२ (अक्षरेपी उनान्साठी लाख चौध हजार दुइ सय अट्तीस रुपैयाँ बत्तीस पैसा मात्र) नियमित गराउने भनि लेखा समितिबाट समेत सिफारिस भई आएको हुँदा उक्त बेरुजु रकम ५९१४२३८।३२ (अक्षरेपी उनान्साठी लाख चौध हजार दुइ सय अट्तीस रुपैयाँ बत्तीस पैसा मात्र) नियमित गर्ने निर्णय गरियो साथै सम्परिक्षणका लागि महालेखा परीक्षकको कार्यालय समक्ष पेश गर्ने।

४. आ.व. २०७५/०७६ को स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत विभिन्न योजनाको शिलबन्दी बोलपत्र सुचना प्रकाशन भएको । मिति २०७६।०३।१५ मा गो भौ नं. २७७ बाट नयाँ पत्रिकाको २०७५।११।०८ मा वडा नं. २ को कार्यालय भवन निर्माणको शिलबन्दी बोलपत्र सुचना प्रकाशन गरेको स्वयत्त ४*२० साइजमा दर रू २३५० ले रू १०८००० मा मुअकर समेत रू १२२०४० नयाँ प्रकाशन प्रालि काठमाणौँलाई भुक्तानी गरेको देखिएको। उक्त दर के कुन आधारमा तय भएको स्पष्ट नभएकोले गोरखापत्रमा यस्तो सुचना प्रकाशन गर्दा २५ प्रतिशत छुट हुनेमा सो नगरी महंगो दरमा प्रकाशन गर्दा बढी व्ययभार परेको देखिएको तर उक्त रकम कुनै हिनामिना तथा मस्यौट गरेको वा गर्ने उद्देश्यबाट खर्च गरेको नदेखिएको हुँदा उक्त दफामा उल्लेखित रकम रू. ३०५१०।०० (अक्षरेपी तीस हजार पाँच सय दश रुपैयाँ मात्र) नियमित गराउने भनी लेखा समितिबाट समेत सिफारिस भई आएको हुँदा उक्त बेरुजु रकम रू ३०५१०।०० (अक्षरेपी तीस हजार पाँच सय दश रुपैयाँ मात्र) नियमित गर्ने निर्णय गरियो साथै सम्परीक्षणका लागि महालेखा परीक्षकको कार्यालय समक्ष पेश गर्ने।

५. आ.व. २०७५/०७६ को स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत पालिका भित्र रहेका सामुदायिक वन उपभोक्ता समितिलाई वन कार्ययोजना नविकरण सहयोग बापत चिसापानी सामुदायिक वन उपभोक्ता समितिलाई मिति २०७६।०३।३१ गो भौ नं. ३५७ बाट रकम रू ५०,०००।०० (अक्षरेपी पचास हजार रुपैयाँ मात्र) भुक्तानी भएको तर उक्त रकम कुनै हिनामिना तथा मस्यौट गरेको वा गर्ने उद्देश्यबाट खर्च गरेको नदेखिएको हुँदा उक्त दफामा उल्लेखित बेरुजु रकम रू ५०,०००।०० (अक्षरेपी पचास हजार रुपैयाँ मात्र) नियमित गराउने भनी लेखा समितिबाट समेत सिफारिस भई आएको हुँदा उक्त बेरुजु रकम

रू. ५०,०००।०० (अक्षरेपी पचास हजार रुपैयाँ मात्र) नियमित गर्ने निर्णय गरियो साथै सम्परीक्षणका लागि महालेखा परीक्षकको कार्यालय समक्ष पेश गर्ने।

६. आ.व. २०७५/०७६ को स्वीकृत बार्षिक कार्यक्रम भित्र रहेका विभिन्न ५ वटा योजनामा शुरु बजेटको २५ प्रतिशत भन्दा बढी रकमान्तर गरि खर्च गरेको देखिएको तर उक्त रकम कुनै हिनामिना तथा मस्यौट गरेको वा गर्ने उद्देश्यबाट खर्च गरेको नदेखिएको हुँदा उक्त दफामा उल्लेखित बेरुजु रकम रू २५,००,०००।०० अक्षरेपी पच्चिस लाख मात्र नियमित गराउने भनी लेखा समितिबाट समेत सिफारिस भई आएको हुँदा उक्त बेरुजु रकम रू २५,००,०००।०० अक्षरेपी पच्चिस लाख मात्र नियमित गर्ने निर्णय गरियो साथै सम्परिक्षणका लागि महालेखा परीक्षकको कार्यालय समक्ष पेश गर्ने।

७. आ.व. २०७५/०७६ को स्वीकृत बार्षिक कार्यक्रम भित्र रहेको सवारी साधन भाडा शिर्षकबाट विभिन्न समयमा पटक पटक गरी १० वटा सवारी साधन धनीहरूलाई भुक्तानी गरी आर्थिक प्रशासन सम्बन्धी ऐनको व्यवस्था विपरित प्रतिस्पर्धा सिमित हुनेगरी टुक्रा टुक्रा पारि खरिद गरिएको देखिएको तर उक्त रकम कुनै हिनामिना तथा मस्यौट गरेको वा गर्ने उद्देश्यबाट खर्च गरेको नदेखिएको हुँदा उक्त दफामा उल्लेखित बेरुजु रकम रू ९१२०००।०० (अक्षरेपी नौ लाख बाह्र हजार रुपैयाँ मात्र) नियमित गराउने भनी लेखा समितिबाट समेत सिफारिस भई आएको हुँदा उक्त बेरुजु रकम रू ९,१२,०००।०० (अक्षरेपी नौ लाख बाह्र हजार रुपैयाँ मात्र) नियमित गर्ने निर्णय गरियो साथै सम्परीक्षणका लागि महालेखा परीक्षकको कार्यालय समक्ष पेश गर्ने।

८. आ.व. २०७५/०७६ को स्वीकृत वार्षिक कार्यक्रम भित्र रहेको उमामहेश्वर माविको सूचना प्रविधि सम्बन्धी सामाग्री खरिद, शान्ति निकेतन माविको विज्ञान प्रयोगशाला व्यवस्थापन र वहुवन मा.वि. को पुस्तकालय व्यवस्थापन बापत् सामाग्री खरिद गर्दा सार्वजनिक खरिद नियमावली २०६४ को दफा ८५ (१) मा पाँच लाख सम्म लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा परामर्श सेवा सोझै खरिद गर्न सकिने व्यवस्था भएकोमा यस कार्यालयबाट नियमावलीमा भएको सिमा भन्दा बढीको रकम सोझै खरिद भएको देखिएको तर उक्त रकम कुनै हिनामिना वा मस्यौट गरेको वा गर्ने उद्देश्यबाट खर्च गरेको नदेखिएको हुँदा उक्त दफा मा उल्लेखित बेरूजु रकम रू १९,५०,०००।00 अक्षरेपी रू उन्नाइस लाख पचास हजार मात्र रकम नियमित गराउने भनी लेखा समितिबाट समेत सिफारिस भई आएको हुँदा उक्त बेरुजु रकम रू १९,५०,०००।०० अक्षरेपी उन्नाईस लाख पचास हजार मात्र नियमित गर्ने निर्णय गरियो साथै सम्परिक्षणका लागि महालेखा परीक्षकको कार्यालय समक्ष पेश गर्ने।

९. आ.व. २०७५/०७६ को स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत गाउँपालिकामा आवश्यक सवारी साधन र शान्ति निकेतन मावि कुटिडाँडा लाई बस खरिद गर्दा अर्थ मन्त्रालयको पुर्व स्वीकृति नलिइ खरिद गरिएको नियमसंगत नदेखिएको तर पालिकामा तत्कालिन अवस्थामा विभिन्न भौगोलिक क्षेत्र सम्म पहुँचको लागि सवारी साधन आवश्यक परेको तथा शान्तिनिकेतन माविमा विद्यार्थीको चाप उच्च रहेको र सबै क्षेत्रको बालबालिकालाई विद्यालयमा समेट्नका लागि बस आवश्यक देखिएको र उक्त सवारी साधन गरिद गरिएको रकम कुनै हिनामिना मा मस्यौट गरेको वा गर्ने उद्देश्यबाट खर्च गरेको नदेखिएको हुँदा उक्त दफामा उल्लेखित बेरूजु रकम रू. २६५८३००।०० (अक्षरेपी छब्बीस लाख

अन्ठाउन्न हजार तीन सय रुपैयाँ मात्र) नियमित गराउने भनी लेखा समितिबाट समेत सिफारिस भई आएको हुँदा उक्त बेरुजु रकम . २६५८३००।०० (अक्षरेपी छब्बीस लाख अन्ठाउन्न हजार तीन सय रुपैयाँ मात्र) नियमित गर्ने निर्णय गरियो साथै सम्परिक्षणका लागि महालेखा परीक्षकको कार्यालय समक्ष पेश गर्ने।

१०. आ.व. २०७५/०७६ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत गाउँपालिकाको पदाधिकारीहरूको आ.व. २०७५/०७६ को चाडपर्व खर्च भुक्तानी भएको, कोशी प्रदेश गाउँ तथा नगर सभाका सदस्यहरूले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७५ को अनुसुचि १ ख बमोजिम गाउँपालिकाको अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्ष, कार्यपालिका सदस्य तथा वडा सदस्यको सेवा सुविधा सम्बन्धमा उल्लेख भएको र सो बमोजिम गाउँपालिकाको पदाधिकारीहरूको चाडपर्व खर्च पालिकाको स्रोत बाट खर्च लेखिनुपर्नेमा पालिकाको स्रोत अभावको कारण नेपाल सरकारको स्रोतबाट खर्च लेखिएको तर उक्त रकम कुनै हिनामिना वा मस्यौट गरेको वा गर्ने उद्देश्यबाट खर्च गरेको नदेखिएको हुँदा उक्त दफामा उल्लेखित बेरूजु रकम रू. ३,३३,०००।०० (अक्षरेपी तीन लाख तेत्तिस हजार रुपैयाँ मात्र) नियमित गराउने भनी लेखा समितिबाट समेत निर्णय भई आएको हुँदा उक्त दफामा उल्लेखित बेरुजु रकम रू. ३,३३,०००।०० (अक्षरेपी तीन लाख तेत्तिस हजार रुपैयाँ मात्र) नियमित गर्ने निर्णय गरियो साथै सम्परीक्षणका लागि महालेखा परीक्षक कार्यालय समक्ष पेश गर्ने।

११. सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ १ ख अनुसार एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी पाँच लाख भन्दा बढीको एउटै व्यक्ति, फर्म कम्पनी वा संस्थानबाट सोझै खरिद गर्न सकिने छैन भन्ने व्यवस्था रहेको र गाउँपालिकाले फर्निचर तथा फिक्चर्स शीर्षकबाट रकम रू.१७७०२८७।०० र मसलन्द तथा कार्यालय सामाग्री शिर्षकबाट रकम रू. १८०९८४०।०० रकम बराबरको सामाग्री खरिद बापत विभिन्न सप्लायर्सबाट सोझै खरिद गरेको देखिएको तर उक्त रकम कुनै हिनामिना वा मस्यौट गरेको वा गर्ने उद्देश्यबाट खर्च गरेको नदेखिएको हुँदा उक्त दफामा उल्लेखित बेरूजु रकम रू. ३५८०१२७।०० (अक्षरेपी पैंतीस लाख असी हजार एक सय सत्ताइस रुपैयाँ मात्र) नियमित गराउने भनी लेखा समितिबाट समेत सिफारिस भई आएको हुँदा उक्त बेरुजु रकम रू. ३५८०१२७।०० (अक्षरेपी पैंतीस लाख असी हजार एक सय सत्ताइस रुपैयाँ मात्र) नियमित गरी साथै सम्परीक्षणका लागि महालेखा परीक्षकको कार्यालय समक्ष पेश गर्ने।

१२. स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा स्थानीय निकायमा संचालित योजना अनुगमन गर्न उपाध्यक्षको अध्यक्षतामा समिति गठन गर्ने व्यवस्था रहेको, गाउँपालिकाले आ.व. २०७५/०७६ मा गाउँपालिकाले अनुगमन तथा मूल्यांकनमा पदाधिकारीलाई मासिक अनुगमन भत्ता दिने व्यवस्था भएकोले अनुगमनको प्रतिवेदन लिइ कैफियत सुधार गरी अनुगमन खर्चलाई मितव्ययी तथा प्रतिफलमुखी बनाउनुपर्ने व्यवस्था रहेको र सोही अनुरूप पालिकाबाट अनुगमन बापत बजेट भुक्तानी भएको तर उक्त रकम कुनै हिनामिना वा मस्यौट गरेको वा गर्ने उद्देश्यबाट खर्च गरेको नदेखिएको हुँदा उक्त दफामा उल्लेखित बेरूजु रकम रू. १७५२४०।०० (अक्षरेपी एक लाख पचहत्तर हजार दुइसय चालिस रुपैयाँ मात्र) नियमित गराउने भनी लेखा समितिबाट समेत सिफारिस भई आएको हुँदा उक्त

बेरुजु रकम रू. १७५२४०।०० (अक्षरेपी एक लाख पचहत्तर हजार दुइसय चालिस रुपैयाँ मात्र) नियमित गरी गरियो साथै सम्परीक्षणको लागि महालेखा परीक्षकको कार्यालय समक्ष पेश गर्ने।

१३. कार्यालयले विभिन्न तालिम कार्यक्रममा खर्च गर्दा अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका र प्रदेश सरकारको निर्देशिका बमोजिम नर्म्स तयार गर्नुपर्ने व्यवस्था रहेको, गाउँपालिकाले आ. व. २०७५/०७६ मा २२ वटा तालिम संचालन गरेकोमा समविनि रेनुका राईको न्यायिक समिति सदस्य र मेलमिलापकर्ताको एडभान्स तालिम पेश्की फछ्यौंट र फाँटवारी अनुसार गाउँपालिकाको नर्म्स अनुसार प्रशिक्षक तथा सहभागीको आवास खर्च रू ३५१००, प्रशिक्षकलाई यातायात खर्च रू ५००० र प्रशिक्षक आवास बापत रू ४००० गरी जम्मा ४४१०० रकम प्रदेश सरकारको नर्म्सभन्दा बढी खर्च गरेको देखिएको तर उक्त रकम कुनै हिनामिना वा मस्यौट गरेको वा गर्ने उद्देश्यबाट खर्च गरेको नदेखिएको हुँदा उक्त दफामा उल्लेखित बेरूजु रकम रू. ४४१००।०० (अक्षरेपी चौवालिस हजार एक सय रुपैयाँ मात्र) नियमित गराउने भनी लेखा समितिबाट समेत सिफारिस भई आएको हुँदा उक्त दफामा उल्लेखित बेरुजु रकम रकम रू. ४४१००।०० (अक्षरेपी चौवालिस हजार एक सय रुपैयाँ मात्र) नियमित गरी सम्परीक्षणको लागि महालेखा परीक्षकको कार्यालय समक्ष पेश गर्ने।

१४. सार्वजनिक खरिद ऐन २०६३ को दफा ४६ मा जनचेतना तालिम, अभिमुखीकरण, सवलिकरण, मुल प्रवाहीकरणजस्ता कार्य गरी सरकारी संस्थाबाट काम गराउँदा छिटो, छरितो, प्रभावकारी र मितव्ययी हुने भएमा सार्वजनिक निकायले गैर सरकारी संस्थाबाट त्यस्तो कार्य गराउन वा सेवा प्राप्त गर्न सक्ने व्यवस्था रहेको साथै सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९९ १ मा त्यस्तो कामको आवश्यकता, किसिम, समयावधि, कामको गुणस्तर, जनशक्ति कार्य सञ्चालन विधि सहितको कार्य क्षेत्रगत शर्त र लाग्ने रकमको मोटामोटी अनुमान तयार गर्नुपर्ने तथा नियम ९९ २ मा उक्त कार्य गराउनको लागि त्यस्तो काम गर्ने उद्देश्य राखी प्रचलित कानुन बमोजिम दर्ता भएको र नियम १८ बमोजिम मौजुदा सुचिमा समावेश भएका गैरसरकारी संस्थालाई कम्तिमा १५ दिनको अवधि दिइ राष्ट्रिय स्तर वा स्थानीय स्तरको दैनिक समाचार पत्रमा सुचना प्रकाशित गरी सो प्रस्ताव गर्ने प्रस्तावदाताको प्रस्ताव सिफारिसको आधारमा सार्वजनिक निकायले प्रस्ताव स्वीकृत गरी सम्झौता गरेर कार्य आदेश दिनुपर्ने व्यवस्था उल्लेख भएको। आ.व. २०७५/०७६ मा गाउँपालिकाले जनजाति आयमुलक कार्यक्रम बापत नेपाल जनजाति महासंघबाट रकम रू ५००००।००, जैविक विषादी न्युनिकरण तालिम बापत चिया उत्पादन सहकारी संस्थाबाट रकम रू.५००००।००, अपाङ्ग कार्यक्रम बापत नविकरण अपाङ्ग संघबाट रकम रू.१०००००।००, खुला दिशामुक्त कार्यक्रम बापत सुनगाभा विकास संस्थाबाट रकम रू.१२५००००।००, मौरीपालन तालिम र अनुदान बापत रोङ मौरी विकास केन्द्रबाट रकम रू.२००००००।०० र लेप्चा जातिलाई बेमौसमी तरकारी तालिम बापत पिरामिड टेक्निकल इन्स्टिच्युट प्रालिबाट ४९८३३०।०० रकम बराबरको कार्यक्रम संचालन गरेको देखिएको तर उक्त गैरसरकारी संस्थामार्फत गरिएको खर्च रकम कुनै हिनामिना वा मस्यौट गरेको वा गर्ने उद्देश्यबाट गरेको नदेखिएको हुँदा उक्त दफामा उल्लेखित बेरुजु रकम रू. ३९४८३३०।०० (अक्षरेपी उनन्चालीस लाख अट्चालिस हजार तीन सय तीस रुपैयाँ मात्र) नियमित गराउने भनी लेखा समितिबाट समेत सिफारिस भई आएको हुँदा उक्त बेरुजु रकम . ३९४८३३०।०० (अक्षरेपी उनन्चालीस लाख

अट्चालिस हजार तीन सय तीस रुपैयाँ मात्र) नियमित गर्ने निर्णय गरियो साथै सम्परिक्षणका लागि महालेखा परीक्षकको कार्यालय समक्ष पेश गर्ने।

१५. आ.व. २०७६/०७७ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत शशर्त अनुदान बापत हस्तान्तरण भएको रकम जुन प्रयोजन वा कार्यक्रमको लागि प्राप्त भएको हो सोही योजना वा कार्यक्रमको लागि मात्र खर्च गर्ने व्यवस्था रहेकोमा गाउँपालिकाले सशर्त अनुदानको रकमबाट कोभिड १९ को औषधी खरिदमा रकम रू ३४६४७८।०० र स्वास्थ्यकर्मीलाई खाजा खर्च बापत रकम रू ६००००।०० खर्च गरेको देखिएको नियमसंगत नदेखिएको तर उक्त रकम कुनै हिनामिना तथा मस्यौट गरेको वा गर्ने उद्देश्यबाट खर्च गरेको नदेखिएको हुँदा उक्त दफामा उल्लेखित बेरुजु रकम रू. ४०६४७८।०० (अक्षरेपी चार लाख छ हजार चार सय अठहत्तर रुपैयाँ मात्र) नियमित गराउने भनी लेखा समितिबाट समेत सिफारिस भई आएको हुँदा उक्त दफामा उल्लेखित बेरुजु रकम रू. ४०६४७८।०० (अक्षरेपी चार लाख छ हजार चार सय अठहत्तर रुपैयाँ मात्र) नियमित गरी सम्परीक्षणका लागि महालेखा परीक्षकको कार्यालय समक्ष पेश गर्ने।

१६. आ.व. २०७६/०७७ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत विभिन्न योजनाको कोटेशन मार्फत खरिद गरेको देखिएको, सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ १(ख) अनुसार एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी पाँच लाखभन्दा बढीको एउटै व्यक्ति, फर्म कम्पनी वा संस्थानबाट सोझै खरिद गर्न सकिने छैन भन्ने व्यवस्था रहेको साथै सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सीमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था रहेको त्यस्तै सार्वजनिक खरिद नियमावलीमा ५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने र ५ लाख माथि २० लाख सम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था रहेको, साथै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासँग एक पटकभन्दा बढी सोझै गर्न नहुने उल्लेख गरेको छ। गाउँपालिकाले आ.व. २०७६/०७७ मा पूँजीगत तथा चालू किसिमका वस्तु वा सेवा खरिद गर्दा विभिन्न योजनाको कोटेशन मार्फत खरिद गरी रकम रू. १४१३९०८६।०० (अक्षरेपी एक करोड एकचालीस लाख उनन्चालिस हजार छयासी रुपैयाँ मात्र) खर्च लेखेको देखिएको तर उक्त रकम कुनै हिनामिना वा मस्यौट गरेको वा गर्ने उद्देश्यबाट खर्च गरेको नदेखिएको हुँदा उक्त दफामा उल्लेखित बेरुजु रकम रू. १४१३९०८६।०० (अक्षरेपी एक करोड एकचालीस लाख उनन्चालिस हजार छयासी रुपैयाँ मात्र) नियमित गराउने भनी लेखा समितिबाट समेत निर्णय भई आएको हुँदा उक्त दफामा उल्लेखित बेरुजु रकम रू. १४१३९०८६।०० (अक्षरेपी एक करोड एकचालीस लाख उनन्चालिस हजार छयासी रुपैयाँ मात्र) नियमित गरी साथै सम्परीक्षणका लागि महालेखा परीक्षकको कार्यालय समक्ष पेश गर्ने।

१७. आ. व. २०७७/०७८ को वार्षिक स्वीकृत कार्यक्रममा समेटिएका सवारी साधन मर्मत शीर्षकको विभिन्न मितिमा विभिन्न फर्मबाट सवारी साधन मर्मत गरेको देखिएको, सार्वजनिक खरिद नियमावली २०६४ को नियम १३(५) मा सार्वजनिक निकायले कुनै मालसामान मर्मत सम्भारको लागत अनुमान तयार गर्दा त्यस्तो निकायमा त्यस सम्बन्धी विशेषज्ञ वा दक्ष कर्मचारी भए त्यस्तो कर्मचारीबाट र त्यस्तो कर्मचारी नभए त्यस्तो काम गर्ने व्यक्ति, कम्पनी वा संस्थाबाट लागत अनुमान तयार गर्नुपर्ने तथा नियम

९६ मा मालसामान मर्मत गर्न नयाँ सामान खरिद गरेकोमा पुराना पाटपुर्जा उपकरणको प्रतिस्थापन गरिएको कुरा सम्बन्धित प्राविधिकबाट प्रमाणित गराई पुराना सामान जिन्सी दाखिला गर्नुपर्ने व्यवस्था छ । कार्यालयमा रहेका सवारी साधनहरू मर्मत संभार गर्दा सम्बन्धित प्राविधिकबाट मर्मतको लागत अनुमान नवनाएको तथा सवारी साधन मर्मत गर्ने कार्यादेश मलेप फारम नं. ९०६ नराखेको तथा सवारी साधन मर्मत कार्यको सम्बन्धित प्राविधिकबाट सिफारिस नगरी भुक्तानी गरेको देखिएको तर उक्त रकम कुनै हिनामिना तथा मस्यौट गरेको वा गर्ने उद्देश्यबाट खर्च गरेको नदेखिएको हुँदा उक्त दफामा उल्लेखित बेरुजु रकम रू. ८,५३,०७३।०० (अक्षरेपी आठ लाख त्रिपन्न हजार त्रिहत्तर रुपैयाँ मात्र) नियमित गराउने भनी लेखा समितिबाट समेत सिफारिस भई आएको हुँदा उक्त बेरुजु रकम रू. ८,५३,०७३।०० (अक्षरेपी आठ लाख त्रिपन्न हजार त्रिहत्तर रुपैयाँ मात्र) नियमित गर्ने निर्णय गरियो साथै समपरिक्षणको लागि महालेखा परीक्षकको कार्यालय समक्ष पेश गर्ने ।

१८. आ. व. २०७७/०७८ को वार्षिक स्वीकृत कार्यक्रममा समेटिएका सवारी साधन मर्मत शीर्षकको विभिन्न मितिमा विभिन्न फर्मबाट सवारी साधन मर्मत गरेको देखिएको, सार्वजनिक खरिद नियमावली २०६४ को नियम १३ (५) मा सार्वजनिक निकायले कुनै मालसामान मर्मत सम्भारको लागत अनुमान तयार गर्दा त्यस्तो निकायमा त्य सम्बन्धी विशेषज्ञ वा दक्ष कर्मचारी भए त्यस्तो कर्मचारीबाट र त्यस्तो कर्मचारी नभए त्यस्तो काम गर्ने व्यक्ति, कम्पनी वा संस्थाबाट लागत अनुमान तयार गर्नुपर्ने तथा नियम ९६ मा मालसामान मर्मत गर्न नयाँ सामान खरिद गरेकोमा पुराना पाटपुर्जा उपकरणको प्रतिस्थापन गरिएको कुरा सम्बन्धित प्राविधिकबाट प्रमाणित गराई पुराना सामान जिन्सी दाखिला गर्नुपर्ने व्यवस्था छ । कार्यालयमा रहेका सवारी साधनहरू मर्मत संभार गर्दा सम्बन्धित प्राविधिकबाट मर्मतको लागत अनुमान नबनाएको तथा सवारी साधन मर्मत गर्ने कार्यादेश मलेप फारम नं. ९०६ नराखेको तथा सवारी साधन मर्मत कार्यको सम्बन्धित प्राविधिकबाट सिफारिस नगरी भुक्तानी गरेको देखिएको तर उक्त रकम कुनै हिनामिना तथा मस्यौट गरेको वा गर्ने उद्देश्यबाट खर्च गरेको नदेखिएको हुँदा अब उप्रान्त यस्ता प्रकृतिको खरिदमा सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ मा भएको व्यवस्था बमोजिम मात्र गर्न गराउन गाउँ कार्यपालिकालाई निर्देशन दिँदै यस दफामा उल्लेखित रकम रू. ८,५३,०७३।०० (आठ लाख त्रिपन्न हजार त्रिहत्तर रुपैयाँ मात्र) नियमित गर्ने ।

१९. स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिइने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था रहेको, त्यसैगरी सोही ऐनको दफा ८३ (८) बमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्ट्रिसियन, चौकीदार, माली, बगैंचे लगायतका पदमा मात्र करारबाट सेवा लिन सकिने व्यवस्था गरेको छ । तर गाउँपालिकाले आ.व. २०७७/०७८ मा स्थानीय सरकार संचालन ऐन २०७४ मा उल्लेख भएको पद बाहेकको १२ जना सहायक कम्प्युटर अपरेटर, २ जना इन्जिनियर, २ जना नायव पशु सेवा प्राविधिक, १ जना खेल प्रशिक्षक, १ जना आइटी अफिसर, १ जना प्राविधिक सहायक, १ जना आर्किटेक इन्जिनियर, १ अमिन र १ जना बाली संरक्षण पदमा करार नियुक्ति गरी तलब भत्ता भुक्तानी गरेको देखिएको तर पालिकामा अत्यावश्यक कर्मचारी

तत्काल पदपूर्ति गर्नका लागि समय लाग्ने देखिएको साथै आइटी अफिसर, प्राविधिक सहायक र आर्किटेक इन्जिनियर पद कार्यक्रम अन्तर्गतको देखिएको तर उक्त तलब भत्ता रकम कुनै हिनामिना तथा मस्यौट गरेको वा गर्ने उद्देश्यबाट खर्च गरेको नदेखिएको हुँदा अब उप्रान्त यस्ता प्रकृतिका पदमा संगठन तथा व्यवस्थापन सर्वेक्षण अनुसार मात्र कर्मचारी नियुक्ति गर्न साथै तत्काल लोकसेवा आयोगमा पदपूर्तिका लागि अनुरोध गर्न गाउँ कार्यपालिकालाई निर्देशन दिँदै यस दफामा उल्लेखित रकम रू. २७,४८,०००।०० (अक्षरेपी सत्ताइस लाख अट्चालिस हजार रुपैयाँ मात्र) नियमित गर्ने।

२०. आ.व. २०७७/०७८ मा कोरोना महामारीको अवस्था रहेको देखिएको, अर्थ मन्त्रालयको च.नं. ८२४-२०७६/०२/२०को आ. व. २०७६/७७ को अन्तर सरकारी वित्तीय हस्तान्तरण सम्बन्धी व्यवस्था र मार्गदर्शन अनुसार सशर्त अनुदान बापत हस्तान्तरण भएकोरकम जुन प्रयोजन वा कार्यक्रमको लागि प्राप्त भएको हो सोही योजना वा कार्यक्रमको लागि मात्र खर्च गर्ने व्यवस्था रहेकोमा यस गाउँपालिकाले सशर्त अनुदानको रकम बाट कोभिड अस्पतालमा कार्यरत कर्मचारीहरूको तलब तथा भत्ता भुक्तानी गरिएको अनियमित देखिएको तर उक्त रकम कुनै हिनामिना तथा मस्यौट गरेको वा गर्ने उद्देश्यबाट खर्च गरेको नदेखिएको हुँदा अब उप्रान्त अन्तर सरकारी वित्तीय हस्तान्तरण सम्बन्धी मार्गदर्शन अनुसार मात्र खर्च गर्न गाउँ कार्यपालिकालाई निर्देशन दिँदै यस दफामा उल्लेखित रकम रू. ४,२६,६७८।०० (अक्षरेपी चार लाख छब्बिस हजार छ सय अठहत्तर रुपैयाँ मात्र) नियमित गराउने।

२१. आ.व. २०७७/०७८ को स्वीकृत वार्षिक कार्यक्रमभित्र रहेका विभिन्न ५ वटा फर्मबाट गाउँपालिकाले फर्निचर तथा फिक्चर्स सम्बन्धी सामाग्री खरिद गरेको देखिएको, साथै सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ (२) बमोजिम प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा गरी बनाई खरिद गर्न नहुने व्यवस्था रहेको तर गाउँपालिकाले फर्निचर लगायत सामान खरिद गर्दा रू. ५ लाखभन्दा मुनिका टुक्रे प्याकेज मार्फत पटक पटक खरिद गरेको देखिएको, गाउँपालिकामा आन्तरिक स्रोत, समानीकरण अनुदान र बाँडफाँडबाट प्राप्त हुने राजस्व समेत समयमा प्राप्त नहुने हुनाले कार्यालयमा आवश्यक सामाग्री चौमासिक अनुसार खरिद गरेको देखिएको साथै उक्त रकम कुनै हिनामिना तथा मस्यौट गरेको वा गर्ने उद्देश्यबाट खर्च गरेको नदेखिएको हुँदा अब उप्रान्त यस्ता प्रकृतिका खरिद कार्य गर्दा सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ मा भएको व्यवस्था अनुसार मात्र गर्न गाउँ कार्यपालिकालाई निर्देशन दिँदै यस दफामा उल्लेखित बेरुजु रकम रू. ७८४५९१/९५ (अक्षरेपी सात लाख चौरासी हजार पाँचसय एकानब्बे रुपैयाँ पन्चानब्बे पैसा मात्र) नियमित गराउने।

२२. आ.व. २०७७/०७८ मा गाउँपालिकाले अन्य सार्वजनिक कार्यालयहरू चार वटा प्रहरी चौकीको खर्च समेत भुक्तानी गरी गाउँपालिकालाई व्ययभार परेको देखिएको, कुनै पनि सार्वजनिक निकायले आफ्नो कार्यालयलाई प्राप्त वार्षिक बजेटको परिधिभित्र रहेर खर्च लेख्नुपर्ने व्यवस्था रहेको तर गाउँपालिका अन्तर्गतका विभिन्न प्रहरी चौकीबाट सेवा प्रवाह गर्दा आवश्यक सामाग्री गाउँपालिकाबाट खरिद गरी भुक्तानी गरेको अनियमित देखिएको तर उक्त रकम कुनै हिनामिना तथा मस्यौट गरेको वा गर्ने उद्देश्यबाट खर्च गरेको नदेखिएको हुँदा अब उप्रान्त यस्ता प्रकृतिको खर्च सम्बन्धित सम्बन्धित सार्वजनिक कार्यालयले भुक्तानी गर्नुपर्ने भएकोले गाउँपालिकाबाट खर्च नलेख्नका लागि गाउँ कार्यपालिकालाई

निर्देशन दिँदै यस दफामा उल्लेखित बेरुजु रकम रू. १०९५०४।०० (अक्षरेपी एक लाख नौ हजार पाँच सय चार रुपैयाँ मात्र) नियमित गराउने।

२३. आ.व. २०७७/०७८ को स्वीकृत वार्षिक कार्यक्रमभित्र रहेको विभिन्न परामर्श सेवा खरिद तथा विद्युतीकरण सम्बन्धी सामाग्री खरिद सम्बन्धी विनियोजन भएको, सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ मा प्रतिस्पर्धा सीमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था रहेको, त्यस्तै सार्वजनिक खरिद नियमावली २०६४ मा रू. १० लाख सम्मको खरिद कार्य सोझै गर्न सकिने र रू. १० लाखभन्दा माथि रू. २० लाख सम्म शिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था रहेको छ। सोझै खरिद गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासँग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख रहेको, गाउँपालिकाले आ.व. २०७७/०७८ मा चालु किसिमको विभिन्न वस्तु तथा सेवाको खरिद गर्दा शिलबन्दी दरभाउपत्र मार्फत् नगरी परामर्श सेवा खरिद रू. ६७२६०० र विद्युतीकरणको सामान खरिद बापत ४१५९०६ रकमको खरिद गरेको देखिएको तर उक्त रकम कुनै हिनामिना वा मस्यौट गरेको वा गर्ने उद्देश्यबाट खर्च गरेको नदेखिएको हुँदा अब उप्रान्त यस्ता प्रकृतिको खरिद कार्य गर्दा सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ मा भएको व्यवस्था बमोजिम मात्र खरिद गर्न गाउँ कार्यपालिकालाई निर्देशन दिँदै यस दफा मा उल्लेखित बेरूजु रकम रू. १०८८५०६।०० (अक्षरेपी दश लाख अठासी हजार पाँच सय रुपैयाँ मात्र) रकम नियमित गराउने।

२४ . आ. व. २०७८/७९ को वार्षिक स्वीकृत कार्यक्रममा समेटिएका ज्येष्ठ नागरिक सम्मान कार्यक्रम शीर्षकबाट गो. भौ. नं. ३२६ मिति : २०७८/१०/२४ मा गाउँपालिकाले खर्च लेखेको देखिएको, सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सीमित नहुने गरी गरिद गर्नुपर्ने व्यवस्था रहेको, त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रू. १० लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने व्यवस्था रहेको, १० लाखभन्दा माथि रू. २० लाख सम्म शिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था रहेको, गाउँपालिकाले आ. व. २०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रम ज्येष्ठ नागरिक सम्मान कार्यक्रमबाट ७० वर्षभन्दा माथिका ज्येष्ठ नागरिकलाई न्यानो ब्ल्याङ्केट वितरण गर्ने कार्यक्रम अनुसार रू. १४९८१०८।८० को व्लाङ्केट खरिद गरेको मा शिलबन्दी दरभाउपत्रबाट खरिद नगरी सोझै खरिद मार्फत ३ पटक खरिद गरेको देखिएको अनियमित देखिएको तर तर उक्त रकम कुनै हिनामिना तथा मस्यौट गरेको वा गर्ने उद्देश्यबाट खर्च गरेको नदेखिएको हुँदा अब उप्रान्त यस्ता प्रकृतिका खरिद कार्य गर्दा सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ मा भएको व्यवस्था विपरित नहुने गरी खरिद कार्य गर्न गराउन गाउँ कार्यपालिकालाई निर्देशन दिँदै यस दफामा उल्लेखित रकम रू. १४९८१०८।८० (अक्षरेपी चौध लाख अन्ठानब्बे हजार एक सय आठ रुपैयाँ पैसा असी मात्र) नियमित गराउने।

२५. आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ४१ (छ) मा अधिकार प्राप्त अधिकारीले सरकारी रकम खर्च गर्दा उपलब्ध स्रोत साधन तथा सम्पत्तिको समुचित उपयोग भएको छ भन्ने कुरामा विश्वस्त हुनुपर्ने व्यवस्था उल्लेख रहेको, गाउँपालिकाले आ. व. २०७८/०७९ मा निर्माणाधीन अवस्थामा रहेको मुख्य प्रशासनिक भवनसम्म खानेपानी आपूर्ति गर्नका लागि ५७१६

मिटर खानेपानी पाईप खरिद गरी रू ४४२६४३।०० भुक्तानी खर्च गरेको देखिएको, गाउँपालिकाको निर्माणाधीन भवन सम्म खानेपानी आपूर्ति गर्न साथै भवन निर्माणका लागि आवश्यक पानीको तत्काल व्यवस्थापन गर्नुपर्ने देखिएको । आर्थिक प्रशासन सम्बन्धी ऐन नियममा भएको व्यवस्था अनुसार निर्माणाधीन अवस्थामा रहेको भवनका लागि खानेपानी पाइप खरिद गरी खानेपानी आपूर्ति गरिएको अनियमित देखिएको तर उक्त रकम कुनै हिनामिना तथा मस्यौट गरेको वा गर्ने उद्देश्यबाट खर्च गरेको नदेखिएको हुँदा अब उप्रान्त यस्ता प्रकृतिका खर्च गर्दा आर्थिक प्रशासन सम्बन्धी ऐन नियम बमोजिम मात्र गर्न गराउन गाउँ कार्यपालिकालाई निर्देशन दिंदै यस दफामा उल्लेखित रकम रू. ४४२६४३।०० (अक्षरेपी चार लाख बयालिस हजार छ सय त्रिचालिस रुपैयाँ मात्र) नियमित गराउने ।

२६. उक्त प्रस्तावमाथि छलफल गर्दा आ. व. २०७८/०७९ मा गाउँपालिकाले कार्यालयको मुख्य प्रशासकीय भवन निर्माण कार्यको ठेक्का सम्झौता भई कार्य संचालन रहेको अवस्थामा कार्य स्थलमा थप माटो कटिङको आश्यकता जनाई निर्माण व्यवसायी सँग सोझै समझौता गरी रू ४६३४४०।०० को कार्य गराएको देखिएको , सार्वजनिक खरिद ऐन २०६३ को दफा ५४ मा खरिद सम्झौता गर्दाका बखत पुर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सृजना भएमा सोको स्पष्ट कारण खुलाई भेरिएसन आदेश जारी गर्न सक्ने उल्लेख गरेको, प्रशासकिय भवनको निर्माण कार्यको ठेक्का सम्झौता भई कार्य संचालन रहेको अवस्तामा स्पष्ट कारण सहित नियमानुसार भेरिएसन आदेश जारी गरी भवन निर्माणमा संलग्न निर्माण व्यवसायी मार्फत थपा कार्य गराउनुपर्नेमा फरक निर्माण व्यवसायीसँग सोझै कार्य गराई दिएको भुक्तानी नियम संगत नदेखिएको तर उक्त रकम कुनै हिनामिता तथा मस्यौठ गरेको वा गर्ने उद्देश्यबाट खर्च गरेको नदेखिएको अब उप्रान्त यस्ता प्रकृतिका खर्च गर्नुपर्दा सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ मा भएको व्यवस्था बमोजिम मात्र गर्न गराउन गाउँ कार्यपालिकालाई निर्देशन दिंदै यस दफामा उल्लेखित रकम रू. ४६३४४१।०० (अक्षरेपी चार लाख त्रिसठ्ठी हजार चार सय एकचालिस रुपैयाँ मात्र) नियमित गराउने ।

२७. आ. व. २०७८/०७९ मा जलवायु अनुकूलित बृहत खानेपानी आयोजना अन्तर्गत संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना इलाम र श्री पंचकन्या खानेपानी आयोजना बिच भएको सम्झौतामा आयोजनाको कुल लागत रू ६१९५८७९२।६९ मध्ये १० प्रतिशत उपभोक्ता समितिले व्यहोर्ने उल्लेख भएको, उपभोक्तासमितिले व्यहोर्ने १० प्रतिशत मध्य १ प्रतिशत रू ६१९५८७।९२ नगदमा गाउँपालिकाले रू ६०००००।०० रकम उपभोक्ता समितिलाई भुक्तानी दिएको देखिएको, उपभोक्ता समितिको माग निवेदन र कार्यपालिकाको निर्णय बमोजिम उक्त रकम भुक्तानी दिइएको देखिएको तर उक्त रकम कुनै हिनामिना तथा मस्यौट गरेको वा गर्ने उद्देश्यबाट खर्च गरेको नदेखिएको हुँदा अब उप्रान्त यस्ता प्रकृतिका कार्य गर्दा नियमानुसार मात्र गर्न गाउँ कार्यपालिकालाई निर्देशन दिंदै यस दफामा उल्लेखित बेरुजु रकम रू. ६,००,०००।०० (अक्षरेपी छ लाख रुपैयाँ मात्र) नियमित गराउने ।

२८. आ. व. २०७८/०७९ मा गाउँपालिकाले चेन स मेशिन खरिद कार्यका लागि विनियोजित बजेट कार्यान्वयन गर्दा उपभोक्ता समिति गठन तथा कार्य गराई रू १७२६४४।०० को भुक्तानी गरेको देखिएको, सार्वजनिक खरिद ऐन २०६३ को दफा ४४ मा उपभोक्ता समितिबाट कार्य गराउँदा मितव्ययिता गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाका उद्देश्य नै रोजगारीको

सिर्जना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा तोकिए बमोजिमको कार्यविधि पूरा गरी त्यस्तो कार्य गराउन सकिने उल्लेख भएको र उपभोक्ता समिति मार्फत खरिद कार्य गरी भुक्तानी दिएको नियमित नदेखिएको तर उक्त रकम कुनै हिनामिना तथा मस्यौट गरेको वा गर्ने उद्देश्यबाट खर्च गरेको नदेखिएको हुँदा अब उप्रान्त यस्ता प्रकृतिको खरिद कार्य गर्दा सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ साथै आर्थिक प्रशासन सम्बन्धी ऐन नियम बमोजिम खरिद गर्न गाउँ कार्यपालिकालाई निर्देशन दिँदै यस दफामा उल्लेखित बेरुजु रकम रू १७२६४४।०० (अक्षरेपी एक लाख बहत्तर हजार छ सय चौवालिस रुपैयाँ मात्र) नियमित गराउने।

२९. आ. व. २०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रमभित्र रहेको थामडाँडा जुरेभञ्ज्याङ सडक, चिसापानी रिङरोड सडक, मसार सुनपानी सडक र खर्बन गहिरी गाउँ सडक स्तरउन्नति कार्यमा उपभोक्ता समिति गठन गरी उपभोक्ता समिति मार्फत कार्य गरिएको देखिएको, उल्लिखित योजनाको उपभोक्ता समितिले भुक्तानी लिएको रकम भन्दा बढी रकमको विजक संलग्न गरी निर्माण व्यवसायीले उपभोक्ता समितिको नाममा विजक जारी गरेको देखिएको, र पालिकाबाट भुक्तानि भएको भन्दा बढी रकम उपभोक्ता समिति मार्फत नै निर्माण व्यवसायीलाई भुक्तानी भएको देखिएको, सार्वजनिक खरिद ऐन २०६३ को दफा ४४ मा उपभोक्ता समितिबाट कार्य गराउँदा मितव्ययिता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाका उद्देश्य नै रोजगारी सिर्जना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा तोकिए बमोजिमको कार्यविधि पुरा गरी त्यस्तो कार्य गराउन सकिने उल्लेख भएको तर उक्त रकम कुनै हिनामिना वा मस्यौट गरेको वा गर्ने उद्देश्यबाट खर्च गरेको नदेखिएको हुँदा अब उप्रान्त यस्ता प्रकृतिको खरिद कार्य गर्दा सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ मा भएको व्यवस्था बमोजिम मात्र खरिद गर्न गाउँ कार्यपालिकालाई निर्देशन दिँदै यस दफा मा उल्लेखित बेरूजु रकम रू १५१४४८७।०० (अक्षरेपी पन्ध्र लाख चौध हजार चार सय सतासी रुपैयाँ मात्र) रकम नियमित गराउने।

३०. आ. व. २०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत गाउँपालिकाभित्रका विद्यालयमा कार्यरत विद्यालय कर्मचारी, विद्यालय सहयोगी र बालबिकास सहजकर्ता कर्मचारीको तलब भत्ता भुक्तानी गर्दा नेपाल सरकारले तोकेको न्युनतम पारिश्रमिक रू १५०००।०० भन्दा कम हुन आउने रकम गाउँपालिकाले व्यहोर्ने व्यवस्था रहेको देखिएको, शिक्षा कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८/०७९ को क्रियाकलाप १.१.४.१ को १.२ ख बमोजिम विद्यालय सहायक कर्मचारीका लागि मासिक रू १३५००।०० दरले १३ महिना बराबरको पारिश्रमिक अनुदान उपलब्ध गराउने र अनुदान उपलब्ध गराउँदा बजेट वक्तब्यमा उल्लेख भए बमोजिम अपुग रकम स्थानीय तहले उपलब्ध गराउने व्यवस्था रहेको देखिएको, गाउँपालिकाले आ. व.२०७८/०७९ मा विभिन्न विद्यालयमा कार्यरत ९ जना विद्यालय सहायक कर्मचारीहरूलाई न्युनतम पारिश्रमिकभन्दा बढी रू ५५००।०० का दरले १३ महिनाको ९ जनालाई रू ६४३५००।०० बढी खर्च लेखेको देखिएको तर उक्त रकम कुनै हिनामिना मा मस्यौट गरेको वा गर्ने उद्देश्यबाट खर्च गरेको नदेखिएको हुँदा अब उप्रान्त शशर्त अनुदान बाट प्राप्त बजेट कार्यान्वयन गर्दा बजेट कार्यान्वयन कार्यविधि बमोजिम मात्र गर्न गराउन  गाउँ कार्यपालिकालाई

निर्देशन दिँदै यस दफामा उल्लेखित बेरूजु रकम रू ६४३५००।०० (अक्षरेपी छ लाख त्रिचालिस हजार पाँच सय रुपैयाँ मात्र) नियमित गराउने ।

३१. आ. व. २०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत गाउँपालिकाको स्थानीय पाठ्यक्रमको कक्षा १,४ र ६ को पुस्तक छपाई प्रत्येक कक्षाको १००० थानका दरले रू १६०१८५ र २०० का दरले खरिद गरी रू ५७२८००।०० भुक्तानी गरेको देखिएको, तर उक्त बढी छपाई भएको सामाग्री अर्को आवमा विद्यालयमा वितरण भएको देखिएको, तत्काललाई आवश्यकता भन्दा बढी खरिद गरेको देखिएको नियम सम्मत नदेखिएको तर उक्त रकम कुनै हिनामिना वा मस्यौट गरेको वा गर्ने उद्देश्यबाट खर्च गरेको नदेखिएको हुँदा अब उप्रान्त यस्ता प्रकृतिको खर्च गर्दा आवश्यकता पहिचान गरेर चाहिने मात्रामा मात्र खरिद गर्न गराउन गाउँ कार्यपालिकालाई निर्देशन दिँदै यस दफामा उल्लेखित बेरूजु रकम रु ४३८२१०।०० (अक्षरेपी चार लाख अट्र्तिस हजार दुइ सय दश रुपैयाँ मात्र) नियमित गराउने ।

३२. उक्त प्रस्ताव उपर छलफल गर्दा सार्वजनिक खरिद ऐन २०६३ को दफा ४४ मा उपभोक्ता समितिबाट कार्य गराउँदा मितव्ययिता गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाका उद्देश्य नै रोजगारीको सिर्जना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा तोकिए बमोजिमको कार्यविधि पुरा गरी त्यस्तो कार्य गराउन सकिने उल्लेख भएको, पालिकाले लागत साझेदारी अन्तर्गत संचालित कार्यक्रममा कृषि समूह तथा संस्था मार्फत खरिद गरेको देखिएको, लाभग्राही संस्था, कृषि समूह तथा उपभोक्ता समिति मार्फत खरिद कार्य गरि भुक्तानी दिएको नियमित नदेखिएको तर उक्त रकम कुनै हिनामिना वा मस्यौट गरेको वा गर्ने उद्देश्यबाट खर्च गरेको नदेखिएको हुँदा अब उप्रान्त यस्ता प्रकृतिको खर्च गर्दा सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ को परिपालना गरी खरिद कार्य गर्न गराउन गाउँ कार्यपालिकालाई निर्देशन दिँदै यस दफामा उल्लेखित बेरूजु रकम रू ११४४६६३।०० (अक्षरेपी एघार लाख चौवालिस हजार छ सय तीन रुपैयाँ मात्र) नियमित गराउने ।

३३. आ. व. २०७९/०८० मा पाथिभरा मन्दिरबाट संकलित राजश्व संकलन गर्नका लागि गाउँपालिकाबाट मिति २०८०।०३।२२ मा हारती अफसेट प्रेस सु.न.पा. १० बाट रू १४५५९० बराबरको जिन्सी सामाग्री खरिद भएको देखिएको, सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ मा १ लाख देखि १० लाख सम्मको खरिद गर्दा कम्तीमा ३ वटा फर्मसँग दरभाउपत्र माग गरी सामाग्रीको मूल्य यकीन गरी खरिद गर्नुपर्ने व्यवस्था रहेको तर गाउँपालिकाले ३ वटा आपूर्तिकर्तासँग दरभाउपत्र माग नगरी एउटासँग मात्र सोझै खरिद गरेको देखिएको, तर उक्त रकम कुनै  हिनामिना तथा मस्यौट गरेको वा गर्ने उद्देश्यबाट खर्च गरेको नदेखिएको हुँदा अब उप्रान्त यस्ता प्रकृतिका खरिद कार्य गर्दा सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ मा भएको व्यवस्था विपरित नहुने गरी खरिद कार्य गर्न गराउन गाउँ कार्यपालिकालाई निर्देशन दिँदै यस दफामा उल्लेखित रकम रू. १४५५९०।०० (अक्षरेपी एक लाख पैंतालिस हजार पाँच सय नब्बे रुपैयाँ मात्र) नियमित गराउने ।

३४. कुनै पनि रकमको भुक्तानी दिंदा करारको शर्त बमोजिम भुक्तानी दिनुपर्ने व्यवस्था रहेको, गाउँपालिकाले भूमि व्यवस्थापन कार्यक्रम अन्तर्गत तथ्यांक संकलन कार्यको लागि गत विगत वर्षदेखि नै विभिन्न १० जना करार कर्मचारीलाई करार सेवामा राखी कार्य गराएतापनि उक्त कर्मचारीको करार सम्झौताको

अवधि २०७९ जेठमा समाप्त भएको लेखापरिक्षणको क्रममा देखिएको भनी उल्लेख भएको, पालिकाको त्यस सम्बन्धमा श्रेस्ता माग गर्दा असार मसान्तसम्मको करार सम्झौता पेश भएको साथै उक्त प्राविधिक कर्मचारीको भत्ताको समेत करार सम्झौतामा उल्लेख भएको देखिएको, गाउँपालिकाले विभिन्न पदका १० जना कर्मचारीको करार सम्झौता बेगर तलब भत्ता भुक्तानी गरी रू ४०५१९६३।०० खर्च लेखेको नियम संगत नदेखिएको भनि बेरुजुको दफामा उल्लेख भएको तर उक्त रकम कुनै हिनामिना तथा मस्यौट गरेको वा गर्ने उद्देश्यबाट खर्च गरेको नदेखिएको हुँदा अब उप्रान्त यस्ता प्रकृतिका खर्च गर्दा आर्थिक प्रशासन सम्बन्धी ऐन नियम बमोजिम मात्र गर्न गराउन गाउँ कार्यपालिकालाई निर्देशन दिँदै यस दफामा उल्लेखित रकम रू. ४०५१९६३।०० (अक्षरेपी चालिस लाख एकाउन्न हजार नौ सय त्रिसठ्ठी रुपैयाँ मात्र) नियमित गराउने।

३५. सार्वजनिक खरिद नियमावली २०६४ मा एउटै प्रकृतिका सामानहरू खरिद गर्दा एउटै प्याकेज बनाई लागत अनुमान तयार गरी किफायती तवरले खरिद गर्ने व्यवस्था उल्लेख भएको, गाउँपालिकाले एउटै प्रकृतिका औषधी खरिद गर्दा एउटै प्याकेजमा खरिद गर्नुपर्नेमा टुक्रा पारी खरिद गरेको देखिएको, संघीय सरकारबाट रू १००००००।०० अनुदान र गाउँपालिका तर्फको रू १००००००।०० समेत गरी रू २००००००।०० बजेट विनियोजना गरी रू १३५७२३५।०० औषधी खरिद गरेको देखिएको, सशर्त अनुदानबाट प्राप्त रकमको बोलपत्रको माध्यमबाट खरिद गर्दा लागत अनुमानभन्दा झण्डै ६५ प्रतिशत न्यून रू ३५८२३५।०० मात्र खरिद गरेको देखिएको तर गाउँपालिका तर्फको विनियोजन रकमबाट सिधै खरिद गर्दा लागत एउटै प्रकृतिका औषधीहरू लागत अनुमानकै हाराहारीमा खरिद गरेको देखिएको जसले गर्दा बोलपत्रको माध्यमबाट खरिद गरेको भन्दा रू ६४०७९६।०० थप व्ययभार परेको अनियमित देखिएको भनी महालेखा परीक्षण प्रतिवेदनमा उल्लेख भएको तर उक्त रकम कुनै हिनामिता तथा मस्यौठ गरेको वा गर्ने उद्देश्यबाट खर्च गरेको नदेखिएको अब उप्रान्त यस्ता प्रकृतिका खर्च गर्नुपर्दा सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ मा भएको व्यवस्था बमोजिम मात्र गर्न गराउन गाउँ कार्यपालिकालाई निर्देशन दिँदै यस दफामा उल्लेखित रकम रू. ६४०७९६।०० (अक्षरेपी छ लाख चालिस हजार सात सय छयानब्बे रुपैयाँ मात्र) नियमित गराउने।

३६. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३८ मा तोकिएको शिर्षकबाट मात्र बजेट खर्च गर्नुपर्ने व्यवस्था रहेको, पालिकाले स्वास्थ्य चालु तर्फ पारिश्रमिक शिर्षकबाट खर्च लेख्नुपर्नेमा स्वास्थ्य संस्थाहरूमा निशुल्क औषधी खरिद बापत ५२१३८७।०० र संघीय चालु तर्फको पारिश्रमिक शिर्षकबाट अन्य औषधी तथा खोपजन्य सामाग्री ढुवानी बापत ३१९३५५।०० गरी जम्मा ८४०७४२।०० खर्च लेखेको देखिएको तर उक्त रकम कुनै हिनामिना तथा मस्यौट गरेको वा गर्ने उद्देश्यबाट खर्च गरेको नदेखिएको हुँदा अब उप्रान्त यस्ता प्रकृतिका कार्य गर्दा आर्थिक प्रशासन सम्बन्धी ऐन नियममा व्यवस्था भए बमोजिम मात्र गर्न गाउँ कार्यपालिकालाई निर्देशन दिँदै यस दफामा उल्लेखित बेरुजु रकम रू. ८४०७४२।०० (अक्षरेपी आठलाख चालिस हजार सात सय बयालिस रुपैयाँ मात्र) नियमित गराउने।

३७. कोशी प्रदेश सरकारद्वारा जारी गाउँ तथा नगरसभा सदस्यहरूले पाउने सुविधाको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७५ मा गाउँ तथा नगरसभाका सदस्यहरूले पाउने विभिन्न सुविधाहरू उल्लेख

भएको । जसमा कार्यालयको सवारी साधन सुविधा नलिएका पदाधिकारीलाई दोहोरो नपर्ने गरी तोकिएको दरमा यातायात खर्च उपलब्ध हुने उल्लेख भएको, गाउँपालिकामा एक मात्र सवारी साधन रहेको अवस्थामा गाउँपालिका अध्यक्ष तथा उपाध्यक्षले सवारी साधन आफैंले बुझेर लिएको नदेखिएतापनि आवश्यकता र उपलब्धताको आधारमा कार्यालयको सवारी प्रयोग गरिरहेको पाईएको, साथै मासिक रू १००००।०० को दरले यातायात खर्च समेत लिएको देखिएको, यसका अलवा विभिन्न मितिमा विराटनगर, झापाका विभिन्न ठाउँ, इलाम, पालिकाका विभिन्न ठाउँ लगायतमा जाँदा गाडी रिजर्भ गरेर गएको भनी गाउँ पालिका अध्यक्षले प्रयोग गरेको गाडी भाडा बापत रू १३४९००।०० र गाउँपालिका उपाध्यक्षले प्रयोग गरेको गाडीभाडा बापत रू २०५५००।०० गरी रू ३४०४००।०० गाडी भाडामा खर्च लेखेको देखिएको, यसरी ऐनमा भएको व्यवस्था अनुसार यातायात खर्चमा दोहोरो सुविधा उपलब्ध नहुने स्पष्ट व्यवस्था हुँदाहुँदै मासिक यातायात सुविधा लिएको अवस्थामा पुनः भाडाको सवारी साधन प्रयोग गरेको भनी खर्च लेखेको नियमसम्मत नदेखिएको तर उक्त रकम कुनै हिनामिना तथा मस्यौट गरेको वा गर्ने उद्देश्यबाट खर्च गरेको नदेखिएको हुँदा अब उप्रान्त यस्ता प्रकृतिको खर्च लेख्दा कोशी प्रदेश गाउँ तथा नगर सभा सदस्यहरूले पाउने सुविधा सम्बन्धमा व्यवस्ता गर्न बनेको ऐन २०७५ मा भएको व्यवस्था बमोजिम दोहोरो सुविधा नपर्ने गरी खर्च गर्न गराउन गाउँ कार्यपालिकालाई निर्देशन दिँदै यस दफामा उल्लेखित बेरुजु रकम रू ३,४०,४००।०० (अक्षरेपी तीन लाख चालिस हजार चार सय रुपैयाँ मात्र) नियमित गराउने ।

३८. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३३ मा स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गतको कुनै कार्यक्रम कार्यान्वयन गर्न नसकिने भएमा वा स्वीकृत कार्यक्रमभित्रको अन्य कुनै क्रियाकलापमा खर्च गर्नुपर्ने अवस्था भएमा सम्बन्धित कार्यालयले त्यस्तो कार्यक्रम सम्पन्न गर्न वा नयाँ कार्यक्रम संचालन गर्नुपर्ने आधार उल्लेख गरी कार्यक्रम संशोधन गर्न सकिने व्यवस्था रहेको, गाउँपालिकाले हाँसपोखरी मझुवा बेसीबजार सडक, हासँपोखरी इरौटार बहुवन सडक र निन्दा सलकपुर सिद्धि अन्तु सडक आयोजनाको लागि लागत अनुमान तयार गरी बोलपत्र आह्वान गरेकोमा लागत अनुमानभन्दा कम दरमा कार्य गराईसकेपछि बाँकी रहेको रकमबाट कार्यक्रम संशोधन वेगर तत् तत् आयोजनामा पुन बोलपत्र आह्वान गरी  खर्च गरेको देखिएको, नियमावलीमा भएको व्यवस्था विपरित कार्यक्रम संशोधन बेगर ठेक्काबाट बचत भएको रकम सोही आयोजनामा थप कार्य गरी खर्च गरेको रकम नियमसम्मत नदेखिएको तर  उक्त रकम कुनै हिनामिना वा मस्यौट गरेको वा गर्ने उद्देश्यबाट खर्च गरेको नदेखिएको हुँदा अब उप्रान्त यस्ता प्रकृतिको खरिद कार्य गर्दा सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ मा भएको व्यवस्था, आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ र नियमावली २०७७ मा भएको व्यवस्था र शशर्त तथा समपुरक र विशेष अनुदान हस्तान्तरण सम्बन्धी ऐन कानूनको अधिनमा रहेर मात्र कार्य गर्न गाउँ कार्यपालिकालाई निर्देशन दिँदै यस दफा मा उल्लेखित बेरूजु रकम रू ८०,३८,३५०।०० (अक्षरेपी असी लाख अट्तिस हजार तिन सय पचास  रुपैयाँ मात्र) रकम नियमित गराउने ।२

३९. आ.व. २०७९/०८० को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत गाउँपालिकाका जनप्रतिनिधिको क्षमता विकास तालिमका लागि विनियोजित बजेटबाट तालिम कार्यक्रम संचालन भएको देखिएको, आर्थिक

कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनिम ७ मा सरकारी निकायबाट कुनै तालिम, सेमिनार, गोष्ठी, कार्यशाला जस्ता कार्यक्रमको लागि रकम खर्च गर्दा त्यस्तो कार्यक्रमको लागत अनुमान स्वीकृत भएको हुनुपर्ने व्यवस्था रहेको, साथै स्थानीय स्तरमा सञ्चालन हुने तालिमका लागि प्रदेश खर्च मापदण्ड निर्देशिका २०७७ बमोजिम तोकिएको दरमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको, पालिकाले निर्वाचित जनप्रतिनिधिहरूलाई क्षमता विकास तालिम संचालन गर्नका लागि लागत अनुमान तयार नगरी विभिन्न फर्मसँग प्रस्ताव माग गरेकोमा जेपि मिडिया प्रा. लि. ले पेश गरेको प्रस्ताव स्वीकृत भएको पाइएको, साथै स्वीकृत प्रस्ताव खर्चको मापदण्डभित्र रही पेश गरेको नपाईएको, तालिम संचालन गरे बापत गाउँपालिकाले गो भौ नं. ८९५।२०८०।०३।०९ बाट जे पि मिडिया प्रालि लाई रू ४४६५१९।०० भुक्तानी गरेको देखिएको, यसरी गाउँपालिकाले तालिम कार्यक्रमका अधिकांश क्रियाकलापमा खर्चको मापदण्डले तोकेको दरभन्दा बढी खर्च गर्ने गरी पेश भएको प्रस्ताव स्वीकृत गरि भुक्तानी गरेको नियमसम्मत नदेखिएको तर उक्त रकम कुनै हिनामिना मा मस्यौट गरेको वा गर्ने उद्देश्यबाट खर्च गरेको नदेखिएको हुँदा अब उप्रान्त यस्ता प्रकृतिका तालिम कार्यक्रम, कार्यशाला, गोष्ठी संचालन गर्दा प्रदेश खर्च मापदण्ड निर्देशिका २०७७ मा तोकिए बमोजिम मात्र गर्न गराउन  गाउँ कार्यपालिकालाई निर्देशन दिँदै यस दफामा उल्लेखित बेरूजु रकम रू ४,4६,५१९।०० अक्षरेपी छ लाख त्रिचालिस हजार पाँच सय रुपैयाँ मात्र नियमित गराउने ।

४०. सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२ मा परामर्श सेवाको लागत अनुमान तयार तथा नियम १४ मा लागत अनुमानको स्वीकृति र सोही नियमावलीको नियम ६९ मा परामर्शबाट खरिद गर्दा कार्य क्षेत्रगत शर्त तयार गर्नुपर्ने व्यवस्था रहेको, गाउँपालिकाले गरिबी निवारणका लागि लघू उद्यम विकास कार्यक्रम अन्तर्गत लक्षित वर्गलाई सुपारीको पातको टपरी, सिलाई कटाइ, ब्युटीपार्लर, होटेल तथा होमस्टे र पशुपालन लगायतका तालिम संचालन बापत गोश्वारा भौचर नं. ३४६ र ४३५ बाट रौताहा टेक्निकल कलेज प्रालिलाई रू १३०७८८५।०० भुक्तानी गरेको देखिएको, गाउँपालिकाले नियमावलीमा भएको व्यवस्था बेगर विनियोजित बजेट १३१३०००।०० लाई नै आधार बनाई लागत अनुमान वेगर प्रस्ताव माग गरेको देखिएको, प्राप्त तीनवटा प्रस्ताव मध्ये न्यून प्रस्ताव रू १३०७८८५।०० पेश गर्ने रौताहा टेक्निकल कलेज प्रा.लि.सँग २०७९।७।२७ मा सम्झौता गरेको सम्झौता पत्र रहेको तर उक्त सम्झौतामा सम्झौता अवधि २०७९।०६।०९ देखि २०८०।०१।३० सम्म उल्लेख भएकोले सम्झौता भएको मितिभन्दा १ महिना २४ दिन अगावै कार्यादेश दिएको देखिएको । लागत अनुमान तयार गरी प्रतिस्पर्धात्मक तवरले खरिद प्रक्रिया कानून बमोजिम गर्नुपर्नेमा कुल विनियोजित रकमलाई नै आधार लिई प्रस्तावना माग गर्दा परामर्शदाता रौताहा टेक्निकल कलेज प्रा.लि. को विनियोजित रकम भन्दा ०.३९ प्रतिशत मात्र न्यून प्रस्तावना पेश भएको देखिएकोले खरिद प्रक्रिया प्रतिस्पर्धात्मक र मितव्ययी नदेखिएको र नियमावलीमा भएको कानूनी प्रावधान बेगर सम्झौता गरी भुक्तानी गरेको अनियमित देखिएको साथै अन्तिम लेखा परीक्षणको क्रममा बेरुजु १३००७८८५।०० हुनुपर्नेमा रू १७०७८८५।०० भएको देखिएको तर उक्त रकम कुनै हिनामिना वा मस्यौट गरेको वा गर्ने उद्देश्यबाट खर्च गरेको नदेखिएको हुँदा अब उप्रान्त यस्ता प्रकृतिको खर्च गर्दा सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ मा भएको व्यवस्था बमोजिम मात्र गर्न गराउन गाउँ

कार्यपालिकालाई निर्देशन दिँदै यस दफामा उल्लेखित बेरूजु रकम रु १७०७८८५।०० (अक्षरेपी सत्र लाख सात हजार आठसय पचासी रुपैयाँ मात्र) नियमित गराउने ।

४१. सशर्त अनुदान कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९/८० को उपक्रियाकलाप नं. ९.६ मा विगतमा यस प्रकृतिका अनुदान नपाएका माध्यमिक विद्यालयहरूको पहिचान गरी प्रति विद्यालय रू ६ लाख ५० हजारको दरले विद्यालयलाई एकमुष्ठ अनुदान उपलब्ध गराउने व्यवस्था रहेको, गाउँपालिकाले विद्यालयलाई उक्त अनुदान बापतको रकम एकमुष्ठ उपलब्ध नगराई विज्ञान प्रयोगशालाको लागि आवश्यक पर्ने सामाग्री सिधै खरिदबापत गो भौ नं. ४३४ ०८०।०३।२३ बाट भैरव इन्टरनेशनललाई रू ६४७०००।०० भुक्तानी दिएको देखिएको तर उक्त रकम कुनै हिनामिना वा मस्यौट गरेको वा गर्ने उद्देश्यबाट खर्च गरेको नदेखिएको हुँदा अब उप्रान्त यस्ता प्रकृतिको कार्यक्रम तथा क्रियाकलापबाट खर्च गर्दा शशर्त कार्यक्रम कार्यान्वयन पुस्तिका बमोजिम मात्र गर्न गराउन गाउँ कार्यपालिकालाई निर्देशन दिँदै यस दफामा उल्लेखित बेरूजु रकम रू ६,४७,०००।०० (अक्षरेपी छ लाख सत्चालित हजार रुपैयाँ मात्र) नियमित गराउने ।

४२. उक्त प्रस्ताव उपर छलफल गर्दा शशर्त अनुदान कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९/८० को उपक्रियाकलाप नं. ८.३ नमुना विद्यालय सुधार गुरुयोजना अनुरुप भौतिक निर्माण अनुदान बापत विनियोजन भएको रकम सम्बन्धित विद्यालयलाई यस आ.व.मा निर्माण गर्ने कार्यक्रमको लागत अनुमान सहित अनुदान माग गर्न लगाई विद्यालयसँग सम्झौता गरी पहिलो किस्ताको रुपमा कुल रकमको ५० प्रतिशत रकम अनुदान दिने, स्ट्रक्चरल पार्टको कार्य सम्पन्न भए पश्चात दोस्रो किस्ताको रूपमा कुल अनुदान रकमको ३० प्रतिशत र कार्य सम्पन्न गरे पश्चात नापी किताब भरी कार्यसम्पन्न प्रतिवेदन समेत तयार गरी  अन्तिम किस्ताको रूपमा कुल अनुदान रकमको २० प्रतिशत रकम अनुदान दिने व्यवस्था रहेको देखिएको, तर पालिकाले पुस्तिकामा उल्लेख भएको व्यवस्था अनुसार नमुना विद्यालयमा छनौट भएको शान्ति निकेतन माविलाई अनुदान माग गर्न लगाई सम्झौता गरी तोकिएको किस्तामा अनुदान दिनुपर्नेमा पालिकाले नै भौतिक पूर्वाधारको कार्य बोलपत्र मार्फत निर्माण व्यवसायी सायाहाङ एण्ड निसाम सेवा प्रालि सँग रू ६७४२२३४।०० मा सम्झौता गरी विद्यालयको भवन निर्माण प्रकृया शुरु गरेको देखिएको, उक्त निर्माण कार्यको कार्य प्रगति पेश नभएको नियमित मान्न नसकिने भनि महालेखा परीक्षण प्रतिवेदनमा उल्लेख भइ आएको तर उक्त निर्माण कार्यको कार्यसम्पन्न समेत पेश भइसकेको र उक्त रकम कुनै हिनामिना वा मस्यौट गरेको वा गर्ने उद्देश्यबाट खर्च गरेको नदेखिएको हुँदा अब उप्रान्त यस्ता प्रकृतिको कार्यक्रम तथा क्रियाकलापबाट  खर्च गर्दा शशर्त कार्यक्रम कार्यान्वयन पुस्तिका बमोजिम मात्र गर्न गराउन गाउँ कार्यपालिकालाई निर्देशन दिँदै यस दफामा उल्लेखित बेरूजु रकम रू ५६,५६,०००।०० (अक्षरेपी छपन्न लाख छपन्न हजार रुपैयाँ मात्र) नियमित गराउने ।

४३. आ. व. २०८०/८१ मा गाउँपालिकामा विभिन्न पदमा करार कर्मचारी नियुक्ति गरी कार्यालय संचालन गरेको देखिएको, साथै आ. व. २०८०।०८१ को अन्त्यमा गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण २०८१ सभाबाट समेत पारित भइसकेको देखिएको, स्थानीय सरकार संचालन ऐन २०७४ को

दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार र कार्यबोझको विश्लेषण गरी व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि र सेवा करार बाट लिइने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था रहेको, गाउँपालिकाले विभिन्न पदमा १७ जना कर्मचारी करारमा राखी निजहरूको तलब भत्ता बापत यस वर्ष रू ५९१३१९२।०० खर्च लेखेको देखिएको, त्यसैगरि स्थानीय सरकार संचालन ऐन को दफा ८३ को उपदफा ८ बमोजिम पालिकाले सवारी चालक सयश कार्यालय सहयोगी, प्लम्बर, इलेक्ट्रिसियन, चौकीदार माली बगैंचे लगायतका पदमा मात्र करार सेवाबाट लिन सकिने व्यवस्था रहेको, गाउँपालिकाले उल्लिखित पद बाहेक अधिकृत छैटौं १ जना, सब इन्जिनियर २ जना सहायक पाचौँ १ जना, प्राविधिक सहायक १ जना, खेलकुद प्रशिक्षक १ जना गरी जम्मा ६ जना कर्मचारी करारमा नियुक्ति गरी वर्ष भरिमा निजहरूको तलब बापत रू २५०३४४७।०० खर्च लेखेको देखिएको तर गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण २०८१ समेत सभाबाट पारित भइसकेको उक्त रकम कुनै  हिनामिना तथा मस्यौट गरेको वा गर्ने उद्देश्यबाट खर्च गरेको नदेखिएको हुँदा अब उप्रान्त अस्थायी तथा करार कर्मचारी नियुक्ति गर्दा अनिवार्य संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा मात्र गर्न गराउन गाउँ कार्यपालिकालाई निर्देशन दिँदै यस दफामा उल्लेखित रकम रू. २५०३४४७।०० (अक्षरेपी पच्चीस लाख तीन हजार चार सय सत्चालिस रुपैयाँ मात्र) नियमित गराउने।

४४. सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ को उपदफा २ मा खरिद कार्य गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टूक्राटुक्रा पारी खरिद गर्नु नहुने, त्यस्तै खरिद नियमावली २०६४ को नियम ८५ मा एक पटकमा रू १० लाख लागत अनुमान भएको सोझै खरिद गर्न सकिने तर एक आर्थिक वर्षमा एक फर्म वा कम्पनी मार्फत एकै प्रकृतिको निर्माण तथा खरिद एक पटक मात्र गर्न सकिने व्यवस्था रहेको, गाउँपालिकाले इरौँटार सामुदायिक भवन रोङ ५ मा ठेक्का मार्फत रू २६६२०७४।७५ मा भवन निर्माणको लागि सम्झौता गरेकोमा भेरिएसन स्वीकृत गरी रू २९८२६७५।०० को निर्माण कार्यको भुक्तानी भएको देखिएको, सोही भवनमा निर्माण बाहेक उक्त प्रशोधन उद्योग संचालनका लागि कोटेशन मार्फत निर्माण तर्फ रू ९०६०९१.३८ र गुन्द्रुक सुकाउने ट्रफ निर्माण तर्फ रू ८८५६०६।८५ को खरिद भएको देखिएको, बजेट विनियोजन तथा योजना तय भईसकेकोले सम्पूर्ण काम एउटै ठेक्का मार्फत गर्न सकिने अवस्थामा निम्नानुसार रू १७९१६९८।२३ को खरिदमा उपर्युक्त ऐन नियममा भएको व्यवस्था पालना गरेको देखिएन भनि लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको देखिएको, खरिद योजना नबनाई प्रतिस्पर्धा सीमित हुने गरी भएको खरिद कार्य अनियमित देखिएको तर उक्त रकम कुनै हिनामिना तथा मस्यौट गरेको वा गर्ने उद्देश्यबाट खर्च गरेको नदेखिएको हुँदा अब उप्रान्त यस्ता प्रकृतिका खर्च गर्दा आर्थिक प्रशासन सम्बन्धी ऐन नियम, सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ मा भएको व्यवस्था बमोजिम मात्र गर्न गराउन गाउँ कार्यपालिकालाई निर्देशन दिँदै यस दफामा उल्लेखित रकम रू. १७९१६९८।२३ (अक्षरेपी सत्र लाख एकानब्बे हजार छ सय अन्ठानब्बे रुपैयाँ तेइस पैसा मात्र) नियमित गराउने।

४५. सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ को उपदफा २ मा खरिद प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था रहेको, गाउँपालिकाले पूर्वाधार निर्माणको लागि शान्ति निकेतन मा.वि.

रोड ३ मा सायाहाङ एण्ड निसाम निर्माण सेवासँग २०८०।११।१८ भित्र काम सक्ने गरी लागत अनुमानभन्दा ३६.०३ प्रतिशत घटी रू ७५०७६०६।७१ मा सम्झौता गरेको देखिएको, साइटको अवस्था अनुसार र बचत रहेको विनियोजित रकमबाट थप कार्य गर्नका लागि मिति २०८१।०३।०८ को गाउँ कार्यपालिकाको निर्णयबाट भेरिएसन स्वीकृत भएको र भेरिएसनपछि काम सम्पन्न गर्न नसकिने जनाई २०८१।०४।३० सम्म ठेक्काको अवधि पनि थप गरेको देखिएको, भेरिएसन पश्चात सम्झौताको रकम रू ८१७६८७७।२५ भएको र सम्झौता बमोजिमको कार्य सम्पन्न गरि भुक्तानी भएको देखिएको, यसै विद्यालयको अन्य भौतिक निर्माणको कार्य विद्यालयको आँगनमा इन्टरलक लगाउने कार्य र खेलमैदान निर्माणको लागि कोटेशन मार्फत काम गराई सायाहाङ एण्ड निसाम निर्माण सेवा र दिक्षिल निर्माण सेवालाई भुक्तानी भएको देखिएको, कोटेशनको लागि तयार लागत अनुमान भन्दा १.१२ प्रतिशत घटी रू ९७५९६३।०० मा सायाहाङ एण्ड निसाम निर्माण सेवाले त्यस्तै ०.२४ प्रतिशत घटी रू ७३९९७०।१९ मा दिक्षिल निर्माण सेवाले सम्झौता गरी काम सम्पन्न भएको देखिएको, एउटै विद्यालयको प्राङ्गणमा उस्तै काम ३६.०३ प्रतिशत घटीमा भई रहेको अवस्थामा सँगैको काम लागत कै हाराहारीमा कोटेशनबाट काम गराउनु उचित नदेखिएको भनी मलेप प्रतिवेदनमा उल्लेख भएको देखिएको, गाउँपालिकाले प्रतिस्पर्धा सीमित हुनेगरी केही काम ठेक्काभन्दा बाहिर राखेर कोटेशनबाट गरेको देखिएको, यसरी प्रतिस्पर्धा सीमित हुने गरी निर्माणको केही अंश कोटेशन मार्फत् गरिएको नियम सम्मत नभएको भनी म.ले.प. प्रतिवेदनमा उल्लेख भएको देखिएको तर उक्त रकम कुनै हिनामिता तथा मस्यौट गरेको वा गर्ने उद्देश्यबाट खर्च गरेको नदेखिएको हुँदा अब उप्रान्त यस्ता प्रकृतिका खर्च गर्नुपर्दा प्रतिस्पर्धालाई सीमित नहुने गरी सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ मा भएको व्यवस्था बमोजिम मात्र गर्न गराउन गाउँ कार्यपालिकालाई निर्देशन दिँदै यस दफामा उल्लेखित रकम रू. १७१५९३३।०० (अक्षरेपी सत्र लाख पन्ध्र हजार नौ सय तेत्तिस रुपैयाँ मात्र) नियमित गराउने।

४६. सार्वजनिक खरिद ऐन २०६३ को दफा ५ मा सार्वजनिक निकायले कुनैपनि खरिदको लागि तोकिएको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेको, त्यसै गरी सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२ मा सार्वजनिक निकायले परामर्श सेवाको लागत अनुमान तयार गर्दा नियम ९ को अधिनमा रहि तयार गर्नुपर्ने व्यवस्था रहेको, आ.व. २०८०।०८१ मा गाउँपालिकाले गाउँपालिकाको वडा नं. ३,४,५ र ६ मा रहेका भूमिहिन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरूको जगा सर्वेक्षण तथा नाप नक्सा तयार गर्ने कार्यका लागि म्याप नेपाल ईन्जिनियरिङ कन्सल्टेन्सी प्रा.लि. सँग सम्झौता गरी कार्य गराए बापत रू १९९१०५९।०० भुक्तानी गरेकोमा उक्त कार्यका लागि ऐन तथा नियमावलीमा भएको व्यवस्था अनुसार लागत अनुमान तयार गरेको नदेखिएको, उक्त कार्यका लागि पालिकाले ६ वटा सुचिकृत फर्मसँग आर्थिक तथा प्राविधिक प्रस्ताव माग गरेकोमा ३ वटाले प्रस्ताव पेश गरेको देखिएको, उक्त खरिद कार्यको लागि ४ सदस्यीय खरिद समितिको २०८०।११।२० मा बसेको बैठकको निर्णयले प्रस्ताव पेश गर्ने ३ वटा फर्म वा कम्पनीको प्राविधिक प्रस्ताव खोल्ने निर्णय गरेको भएतापनि प्राविधिक प्रस्ताव उपर मूल्यांकन गरेको विवरण माग गरेकोमा पेश नभएकोले यस सम्बन्धमा थप विश्लेषण गर्न नसकिएको, उक्त खरिद समितिले २०८०।११।२१ मा आर्थिक प्रस्ताव खोली सबैभन्दा घटी कबोल गर्ने म्याप नेपाल इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा लिसँग रू १९९१०६०।०० को सम्झौता भएको देखिएको, ४ सदस्यीय खरिद समितिको हरेक बैठकको निर्णयमा

आर्थिक तथा प्राविधिक शाखाको प्रतिनिधिले हस्ताक्षर नगरी संयोजक र एक सदस्य गरी २ जनाले मात्र हस्ताक्षर गरेको देखिएको, उक्त कार्यसम्पन्न गरी तयार गरेको प्रतिवेदन लेखापरीक्षण अवधिमा पेश भएता पनि दाखिला भएको नदेखिएको, यसरी ऐन नियममा भएको व्यवस्था अनुसार लागत अनुमान तयार नगरी खरिद कार्य गरेको, प्राविधिक प्रस्ताव उपर मुल्यांकन नगरेको खरिद समितिको बैठकहरूको निर्णयमा आर्थिक तथा प्राविधिक शाखाको प्रतिनिधिले हस्ताक्षर नगरेको एवं सर्वेक्षण गरी तयार गरेको नाप नक्सा सहितको प्रतिवेदन जिन्सी दाखिला समेत नभएको हुँदा उक्त खरिद कार्य नियम सम्मत नदेखिएको भनि मलेप प्रतिवेदनमा उल्लेख भएको देखिएको तर उक्त रकम कुनै हिनामिना तथा मस्यौट गरेको वा गर्ने उद्देश्यबाट खर्च गरेको नदेखिएको साथै उक्त परियोजना प्रतिवेदन दाखिला समेत भएको देखिएको हुँदा अब उप्रान्त यस्ता प्रकृतिका कार्य गर्दा आर्थिक प्रशासन सम्बन्धी ऐन नियममा व्यवस्था भए बमोजिम र सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ मा भएको व्यवस्था बमोजिम मात्र गर्न गाउँ कार्यपालिकालाई निर्देशन दिँदै यस दफामा उल्लेखित बेरुजु रकम रू. १९९१०६०।०० (अक्षरेपी उन्नाइस लाख एकानब्बे हजार साठी रुपैयाँ मात्र) नियमित गराउने।

४७. सार्वजनिक खरिद नियमावली २०६४ को तेह्रौ संशोधन को नियम ८५ को उपनियम १ क मा सार्वजनिक निकायले १० लाख रुपैयाँसम्म लागत अनुमान भएको निर्माण कार्य वा मालसामान सोझै खरिद गर्न सकिने व्यवस्था रहेको, साथै नियम ३१ मा २० लाख रुपैयाभन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा खरिद गर्नुपर्दा खुला बोलपत्रको माध्यम द्वारा खरिद गर्नुपर्ने व्यवस्था रहेको, पालिकालाई प्रदेश सरकारबाट प्राप्त अनुदान प्रदेश कृषि चालु शिर्षक अन्तर्गत कृषकलाई ५० प्रतिशत अनुदानमा मौरीको घार खरिद गरी वितरण तथा तालिम सञ्चालनका लागि रू ४०१००००।०० अनुदान दिएको देखिएको, जसमध्ये मौरीपालन सम्बन्धी तालिममा ५ लाख, घार निर्माण र खरिदमा रू २८ लाख ५० हजार , मौरी तालिम हल निर्माणमा रू ६ लाख र हेरालुका लागि रू ६० हजार खर्च गरेको देखिएको, पालिकाले मौरीको घार खरिदलाई मितव्ययी र प्रतिस्पर्धी बनाउन बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्नेमा कृषकलाई नै घार खरिदको जिम्मा दिइ उक्त लागतको ५० प्रतिशतले हुने रकम अनुदान दिएको देखिएको, अतः खरिद कार्यलाई मितव्ययी र प्रतिस्पर्धी बनाउन नियमावलीमा भएको व्यवस्था बमोजिम बोलपत्रको माध्यमबाट मौरीको घार खरिद गरी वितरण गर्नुपर्नेमा सो नगरी सोझै खरिद गरेको अनियमित देखिएको भनि मलेप प्रतिवेदनमा उल्लेख भएको देखिएको तर उक्त रकम कुनै हिनामिना तथा मस्यौट गरेको वा गर्ने उद्देश्यबाट खर्च गरेको नदेखिएको हुँदा अब उप्रान्त यस्ता प्रकृतिको खरिद कार्य गर्दा आर्थिक प्रशासन सम्बन्धी ऐन नियममा व्यवस्था भए बमोजिम र सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ मा भएको व्यवस्था बमोजिम मात्र गर्न गाउँ कार्यपालिकालाई निर्देशन दिँदै यस दफामा उल्लेखित बेरुजु रकम रू. २८५००००।०० (अक्षरेपी अठ्ठाईस लाख पचास हजार रुपैयाँ मात्र) नियमित गराउने।

४८. महालेखा परीक्षकको कार्यालयबाट प्राप्त यस गाउँपालिकाको आ.व. २०८०/८१ को लेखा परीक्षण प्रतिवेदनमा औँल्याइएको दफा नं. ५४.२ को भेरिएसन बेगर भुक्तानी भएको अनियमित देखिएको बेरुजु सम्बन्धमा। निर्णय नं. १ उक्त प्रस्ताव माथि छलफल गर्दा सार्वजनिक खरिद ऐन २०६३ को दफा ५४ मा खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा

सिर्जना भएमा सोको स्पष्ट कारण खुलाई भेरिएसन आदेश जारी गर्न सक्ने व्यवस्था छ। पालिकाले प्रशासकीय भवन निर्माण कार्यको सातौँ रनिङ बिल सम्म कुल रकम रू ३५९७१९५२।०७ को प्राविधिक मुल्यांकन गरी भुक्तानी गरेकोमा आइटम नं. १५, १७, १८, १९, २०, ४४, ४८ र ५२ मा भेरिएसन नगरी विओक्युमा रहेको आइटम भन्दा बढी मुल्यांकन गरि भुक्तानी गरेको देखिएको, यसरी बढी परिमाण आवश्यक पर्ने अवस्थामा प्राविधिक पुष्ट्याइँ समेतलाई आधार लिइ भेरिएसन स्वीकृत गरी भुक्तानी गर्नुपर्नेमा सो बेगर भुक्तानी भएको रकम नियम सम्मत नदेखिएको भनि बेरुजु उल्लेख भएको तर मिति २०८१।१०।२० को भेरिएसन आदेश नं १ स्वीकृत गर्ने सम्बन्धी टिप्पणी र आदेश र कार्यपालिकाको मिति २०८१।१०।२४ बैठक संख्या ९-2081/082 को प्रस्ताव नं. ५५ र निर्णय नं. ५५ बाट भेरिएसन आदेश स्वीकृत गर्ने सम्बन्धमा निर्णय समेत भएको देखिएको साथै उक्त रकम कुनै हिनामिना तथा मस्यौट गरेको वा गर्ने उद्देश्यबाट खर्च गरेको नदेखिएको हुँदा अब उप्रान्त शुरु लागत अनुमान भन्दा फरक पर्ने गरी भेरिएसन आदेश जारी गर्नुपर्नेमा तत्कालै आदेश स्वीकृत गरेर मात्र भुक्तानी प्रक्रिया अगाडी बढाउन गाउँ कार्यपालिकालाई निर्देशन दिँदै यस दफामा उल्लेखित बेरुजु रकम रू 1611447।00 अक्षरेपी रू सोह्र लाख एघार हजार चार सय सट्चालिस मात्र नियमित गराउन गाउँ सभा समक्ष पेश गर्ने ।

४९. महालेखा परीक्षकको कार्यालयबाट प्राप्त यस गाउँपालिकाको आ.व. २०८०/८१ को लेखा परीक्षण प्रतिवेदनमा औँल्याइएको दफा नं. ५४.२ को भेरिएसन बेगर भुक्तानी भएको अनियमित देखिएको बेरुजु सम्बन्धमा। निर्णय नं. १ उक्त प्रस्ताव माथि छलफल गर्दा सार्वजनिक खरिद ऐन २०६३ को दफा ५४ मा खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सोको स्पष्ट कारण खुलाई भेरिएसन आदेश जारी गर्न सक्ने व्यवस्था छ। पालिकाले प्रशासकीय भवन निर्माण कार्यको सातौँ रनिङ बिल सम्म कुल रकम रू ३५९७१९५२।०७ को प्राविधिक मुल्यांकन गरी भुक्तानी गरेकोमा आइटम नं. १५, १७, १८, १९, २०, ४४, ४८ र ५२ मा भेरिएसन नगरी विओक्युमा रहेको आइटम भन्दा बढी मुल्यांकन गरि भुक्तानी गरेको देखिएको, यसरी बढी परिमाण आवश्यक पर्ने अवस्थामा प्राविधिक पुष्ट्याइँ समेतलाई आधार लिइ भेरिएसन स्वीकृत गरी भुक्तानी गर्नुपर्नेमा सो बेगर भुक्तानी भएको रकम नियम सम्मत नदेखिएको भनि बेरुजु उल्लेख भएको तर मिति २०८१।१०।२० को भेरिएसन आदेश नं १ स्वीकृत गर्ने सम्बन्धी टिप्पणी र आदेश र कार्यपालिकाको मिति २०८१।१०।२४ बैठक संख्या ९-2081/082 को प्रस्ताव नं. ५५ र निर्णय नं. ५५ बाट भेरिएसन आदेश स्वीकृत गर्ने सम्बन्धमा निर्णय समेत भएको देखिएको साथै उक्त रकम कुनै हिनामिना तथा मस्यौट गरेको वा गर्ने उद्देश्यबाट खर्च गरेको नदेखिएको हुँदा अब उप्रान्त शुरु लागत अनुमान भन्दा फरक पर्ने गरी भेरिएसन आदेश जारी गर्नुपर्नेमा तत्कालै आदेश स्वीकृत गरेर मात्र भुक्तानी प्रक्रिया अगाडी बढाउन गाउँ कार्यपालिकालाई निर्देशन दिँदै यस दफामा उल्लेखित बेरुजु रकम रू 1611447।00 अक्षरेपी रू सोह्र लाख एघार हजार चार सय सट्चालिस मात्र नियमित गराउन गाउँ सभा समक्ष पेश गर्ने ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ को उपदफा (२) को देहाय (ज) बमोजिम प्रमुख प्रशासकीय अधिकृतको हैसियतले गाउँ कार्यपलिकाको बैठकको निर्णय प्रमाणित गर्दछु।

सही :

२०८२-०३-१०

नाम : विनोद कुमार चौहान

पद : प्रमुख प्रशासकीय अधिकृत